वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ३८ पूर्णाङ्क १३६ | २०७५ चैत ४ गते सोमबार | Monday, Mar. 18, 2019 | पृष्ठ ८ | मूल्य रु. १०|-

## देजमोले यसरी गर्दैछ राष्ट्रिय सम्मेलनमा प्रतिनिधि पर्यवेक्षकको छनौट



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल केन्द्रीय कार्यालयको सम्पन्न विस्तारित बैठक (२०७५ चैत्र २ गते)ले राष्ट्रिय सम्मेलनमा सहभागी हुने प्रतिनिधि र पर्यवेक्षकका सम्बन्धमा मापदण्ड तय गरेको छ । प्राप्त जानकारी अनुसार सम्मेलन सम्पन्न भएका जिल्लाहरूबाट ५ (पाँच) जना प्रतिनिधि र ३ (तीन) जना पर्यवेक्षक, भेला सम्पन्न भएका जिल्लाहरूबाट ३ (तीन) जना प्रतिनिधि र २ ...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीको स्थायी समिति बैठकका निर्णय सार्वजनिक

# ‘विप्लवमाथिको प्रतिबन्ध हटाऊ, सिकेसँगको सहमति सच्याऊ’

*(देजमोको मेची-महाकाली अभियान, नेकपा विप्लवमाथिको प्रतिबन्ध, सरकार-सिके राउतबीचको सहमति, रेशम चौधरीको जन्मकैद, सीमा अतिक्रमण, नक्कली नक्सा प्रयोग, नागरिकता संशोधन विधेयक लगायतका विषयमा पार्टीको धारणा सार्वजनिक)*

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को २८ फागुन बुधबार सम्पन्न स्थायी समितिको बैठकले समसामयिक विषयहरूमा लिएका निर्णयहरूलाई सार्वजनिक गरेको छ । बैठकले पार्टी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले सञ्चालन गरेको १५ दिने मेची-महाकाली अभियान, नेकपा (विप्लव समूह)माथि सरकारले लगाएको प्रतिबन्ध, सरकारले पृथकतावादी नेता सिके राउतसँग गरेको ११ बुँदे सहमति, रेशम चौधरीमाथि गरिएको जन्मकैदको फैसला, सीमा अतिक्रमण तथा नक्कली नक्साको प्रयोग, नागरिकता सम्बन्धी संशोधन विधेयक आदिबारे पार्टीको धारणा सार्वजनिक गरेको छ। पार्टी महासचिव मोहन वैद्य‘किरण’ले स्थायी समितिको बैठकले लिएका निर्णयहरू वक्तव्यमार्फत् जारी गर्दै उल्लेखित विषयहरूमा पार्टीका आधिकारिक धारणा सार्वजनिक गरेका हुन् ।

वक्तव्यमा राजनीतिक समस्या प्रशासनिक रूपमा हल गर्न खोज्ने ओली सरकारको फासीवादी रुझान तथा गतिविधिको घोर भर्त्सना गरिएको छ । वक्तव्यमा देशमा विद्यमान राजनीतिक समस्याहरूको समाधान राजनीतिक रूपमा नभई प्रशासनिक रूपमा गर्न ओली सरकारले लिएको निर्णय र तत्पश्चात् सञ्चालित गतिविधिको विज्ञप्तिमा कडा विरोध गरिएको छ । कम्युनिस्ट भनाउने ओली सरकारलाई विप्लव नेकपामाथि प्रतिबन्ध लगाउने र उक्त पार्टीका नेता तथा कार्यकर्ता पक्राउ गर्ने तथा यातना दिने काम नगर्न


नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)
Communist Party of Nepal (Revolutionary Maoist)

चेतावनी दिएको छ । वक्तव्यमा भनिएको छ, “केही समययता सरकारद्वारा नेकपा विप्लव समूहका नेताकार्यकर्ताहरूलाई व्यापक रूपमा धरपकड गर्ने तथा यातना दिने गरिएका कुरा सार्वजनिक भएका छन् । भर्खरै सरकारद्वारा विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाइएको कुरा समेत सार्वजनिक गरिइएको छ । आफूलाई कम्युनिस्ट भनाउने सरकारद्वारा एउटा कम्युनिस्ट समुहमाथि गरिएको फासिवादी व्यवहार निन्दनीय छ । अतः हाम्रो पार्टी सरकारको यस प्रकारको फासिवादी गतिविधिको तथा व्यवहारको कडा विरोध तथा भर्त्सना गर्दै राजनीतिक समस्याको समाधान राजनीतिक रूपमा गर्न, धरपकड गर्ने तथा यातना दिने कामलाई अविलम्ब रोक्न र सो प्रतिबन्ध फिर्ता लिन सरकारसित विशेष माग गर्दछ ।”

वक्तव्यको सुरुमा बैठकले देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालद्वारा देशको राष्ट्रिय स्वाधीनताको रक्षा र संघीय जनगणतन्त्रको स्थापनाको तयारीका लागि पहिलो चरणमा सम्पन्न गरिएको मेची-महाकाली अभियान सफल भएको निष्कर्ष निकालिएको उल्लेख छ । यस सन्दर्भमा वक्तव्यमा भनिएको छ, “पार्टीको पहल तथा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालद्वारा देशको राष्ट्रिय स्वाधीनताको रक्षा र संघीय जनगणतन्त्रको स्थापनाको तयारी लगायतका विषयलाई लिई सञ्चालित १५ दिने मेचीमहाकाली जनजागरण अभियान आफ्नो सापेक्षतामा मूलतः सफल रहेको मूल्यांकन गरियो । साथै, राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका ...बाँकी ७ पेजमा

## विप्लवप्रतिको प्रतिबन्ध र सिके राउतसँगको सहमति खारेज गर्न माग

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) सम्बद्ध अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवाली, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदीशचन्द्र भण्डारी, नेपाल राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपालका अध्यक्ष हुकुमबहादुर सिंह, अखिल नेपाल लेखक संघका अध्यक्ष मित्रलाल पंज्ञानी, अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका अध्यक्ष इश्वर तिमिल्सिनाले संयुक्त रूपमा एक वक्तव्य जारी गरी नेकपा विप्लव समूहमाथि सरकारले लगाएको प्रतिबन्ध र पृथकतावादी सिके राउतसँग गरिएको ११ बुँदे सहमति खारेज गर्न जोडदार माग गरेका छन् । उनीहरूले सरकारले तयार गरेको नागरिकता संशोधनसम्बन्धी विधेयक समेत राष्ट्रघाती रहेकोले परिमार्जन गर्न माग गरेका छन् ।

वक्तव्यमा अगाडि भनिएको छ, “ओली सरकारद्वारा हालै विप्लव समूहप्रति गरिएको प्रतिबन्धले सरकारको फासिवादी प्रवृत्तिको उजागर गरेको हुँदा उक्त कार्यको हामी तीव्र भर्त्सना गर्दछौं र जनताको स्वतन्त्र विचार प्रभाव गर्ने, संगठित हुने र राजनीतिक गतिविधि गर्ने जस्ता मूलभूत अधिकारहरूमाथि राज्यले लगाएको प्रतिबन्धको रूपमा फासिवादी कदमलाई तत्काल खारेज गर्न माग गर्दछौं ।”

वक्तव्य भनिएको छ, “हालै संसदमा प्रस्तुत नागरिकता सम्बन्धी विधेयक नेपालको सार्वभौमिक अखण्डता, स्वतन्त्रता र स्वाधीनतालाई आघात पार्ने र मुलुकको अस्तित्व नै समाप्त पार्ने उद्देश्यले ल्याइएको हुँदा हामी उक्त विधेयक तुरुन्त फिर्ता गरी राष्ट्रियतालाई समृद्ध पार्ने र सार्वभौमिकतामाथि कुनै आघात आउन नदिने रूपमा सुधार तथा परिमार्जन गरी मात्र विधेयक प्रस्तुत गर्न माग गर्दछौं । साथैं, कुनै पनि प्रकारका राष्ट्रघात गर्ने मनसायका कुनै विधेयक पेश नगर्न पनि चेतावनी दिन चाहन्छौं । त्यसगरी भर्खरै राष्ट्रघातमा मुछिएका ...बाँकी ७ पेजमा

## ‘क्रान्तिकारी र फासीवादीको बीचमा तीव्र ध्रुवीकरण’



काठमाडौं । देशभक्त केन्द्रीय अध्यक्ष सीपी गजुरेलले जनगणतान्त्रिक मोर्चा नेपालका ...बाँकी ७ पेजमा

## देजमो ३ नं. प्रदेशको सम्मेलन सम्पन्न, पवनमान श्रेष्ठको नेतृत्वमा ५५ सदस्यीय कमिटि निर्वाचित

ललितपुरको कुपण्डोलमा सम्पन्न भएको सम्मेलनले नेता पवनमान श्रेष्ठको नेतृत्वमा ५५ सदस्यीय प्रदेश कमिटि निर्वाचित गरेको हो । मोर्चाका केन्द्रीय अध्यक्ष सिपी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सम्मेलनले मोर्चाको ३ नं. प्रदेश कमिटिको अध्यक्षमा पवनमान श्रेष्ठ, उपाध्यक्षमा कान्छा निर्वाचित कमिटिद्वारा अध्यक्षमा पवनमान श्रेष्ठ, उपाध्यक्षमा कान्छाराम



तामाङ र गोर्की श्रेष्ठ, सविचमा शिव श्रेष्ठ र कोषाध्यक्षमा इन्दिरा अधिकारीलाई ...बाँकी ७ पेजमा

## ५ नं. प्रदेशमा देजमोको प्रदेश सम्मेलनको भव्य तयारी



बुटवल । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपाल ५ नं. प्रदेश सम्मेलनको भव्य तयारीमा जुटेको छ। चैत्रको ५ र ६ गतेका लागि राखिएको प्रदेशसम्मेलनलाई ...बाँकी ८ पेजमा

## क्रान्तिकारी लेखकहरू छुट्टै प्रलेस निर्माणको तयारीमा



काठमाडौं । अखिल नेपाल जनसाँस्कृतिक महासंघको केन्द्रीय समितिको बैठक शुक्रबार सम्पन्न भएको छ । महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवालीको अध्यक्षता तथा सञ्चालनमा सम्पन्न बैठकले समसामयिक साँस्कृतिक विषयहरूमा व्यापक छलफल गरी महत्वपूर्ण निष्कर्ष निकालेको छ । बैठकले वर्तमान राज्यसत्ताले निश्चित राजनीतिक दलमाथि लगाएको प्रतिबन्ध फासिवादी शैलीको भएकोले र गणतन्त्रमा पनि विचारको निषेध गरिएको हुँदा त्यसको तीव्र विरोध गर्दै सो निर्णय फिर्ता लिन सरकारसित माग गर्ने निर्णय गरेको छ भने बैठकले निकट भविष्यमा हुन गइरहेको प्रलेसको राष्ट्रिय सम्मेलनको बारेमा विस्तृत रूपमा छलफल गरेको छ ।


प्राप्त समाचार अनुसार बैठकले कथित वाम सरकारको वैचारिक गन्तव्य संसदीय व्यवस्था भएको र यसले यथास्थितिवाद र दलाल पुंजीपति वर्गको ...बाँकी ७ पेजमा

## विप्लव नेकपामाथि प्रतिबन्ध : फासीवादको अभ्यास

फाल्गुन २८ गते साँझ मन्त्रीपरिषद्को निर्णयसहित सरकारले विप्लव नेकपामाथि प्रतिबन्ध लगाएको छ । ओली सरकारको यो राष्ट्रघाती तथा जनघाती कदमको आज सर्वत्र विरोध र भण्डाफोर भइरहेको छ । आफूलाई कम्युनिष्ट सरकार भन्न रुचाउने ओली-दाहाल सरकारले विप्लव नेतृत्वको नेकपामाथि किन प्रतिबन्ध लगायो भनेर व्यापक चर्चा र तर्कवितर्क भइरहेको छ ।

कुनै पनि घटना परिघटना विनाकारण घटित हुदैनन् । त्यसका पछाडि निश्चित वैज्ञानिक कारणहरू विद्यमान रहेका हुन्छन् । मार्क्सवादी द्वन्द्ववादको सार्वभौमा नियम पनि यही नै हो । केपी-प्रचण्डको सरकारले विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाउनुका पछाडि निश्चित कारणहरू विद्यमान रहेका छन् ।

**प्रतिक्रान्तिकारीको चरित्र फासिस्ट तथा फासीवादी हुन्छ । एउटा कालखण्डमा कम्युनिष्ट पार्टीको नेतृत्व गरेर आएकाहरू अर्को कालखण्डमा कम्युनिष्ट पार्टीको झण्डा हल्लाउँदै र कम्युनिष्टको जामा पहिरिएकाहरूको राजनीतिक चरित्र एउटा हातमा कम्युनिष्ट पार्टीको झण्डा र अर्को हातमा देशमा क्रियाशील कम्युनिष्ट क्रान्तिकारीहरूमाथि भीषण दमन गर्ने अस्त्र बोकेर दमनमा उत्रिइरहेका छन्**



● हस्तबहादुर केसी ●

पहिलो कारण : केपी-प्रचण्डको सरकार ऐतिहासिक झापा विद्रोहबाट भागेर आएका झापा विद्रोहका भगौडाहरू र महान् दश वर्षे जनयुद्धबाट भागेर साम्राज्यवाद तथा विस्तारवादका सामु आत्मसमर्पण गरेर जनयुद्धबाट प्राप्त सम्पूर्ण उपलब्धिहरू प्रतिक्रियावादीहरूलाई बुझाएर प्रतिक्रियावादी क्याम्पमा विलय हुन पुगेका दश वर्षे जनयुद्धबाट भागेका माओवादी भगौडाहरू मिलेर बनेको प्रतिक्रान्तिकारीहरूको प्रतिक्रियावादी सरकार हो ।

प्रतिक्रान्तिकारीको चरित्र फासिस्ट तथा फासीवादी हुन्छ । एउटा कालखण्डमा कम्युनिष्ट पार्टीको नेतृत्व गरेर आएकाहरू अर्को कालखण्डमा कम्युनिष्ट पार्टीको झण्डा हल्लाउँदै र कम्युनिष्टको जामा पहिरिएकाहरूको राजनीतिक चरित्र एउटा हातमा कम्युनिष्ट पार्टीको झण्डा र अर्को हातमा देशमा क्रियाशील कम्युनिष्ट क्रान्तिकारीहरूमाथि भीषण दमन गर्ने अस्त्र बोकेर दमनमा उत्रिइरहेका छन् । चरम अवसरवाद, निराशा कुष्ठा, पलायन आदि ...बाँकी ७ पेजमा

## सम्पादकीय

# जङ्गी प्रधानमन्त्री बन्दै ओली

दुईतिहाईका बहुमत प्राप्त प्रधानमन्त्री केपी ओलीले सेना परिचालनको अधिकार आफ्नो हातमा लिन थालेका छन् । नेपालको संविधान र संवैधनिक मान्यताअनुसार नेपाली सेना पचिालनको अधिकार प्रधानमन्त्रीको नेतृत्वमा रहेको सुरक्षापरिषद्को सिफरीशमा राष्ट्रपतिद्वारा गरिने व्यवस्था छ । तर यसलाई संविधान र संवैधानिक मर्म तथा मान्यताविपरीत प्रधानमनत्री आफैले स्वविवेकमा सिधै सेना परिचालन गर्नमिल्ने कानूनको निर्माणमा ओली लागिरहेका छन् । केही महिनादेखि जेलमा रहेका स्वतन्त्र मधेशका लागि सशस्त्र गतिविधि गर्दै आएका पृथकतावादी आन्दोलनका नेता सीके राउतलाई रातारात सर्वोच्च अदालतको आदेशका नाममा छुटाए । यही प्रक्रियासँगै नेत्रबिक्रम चन्द विप्लवको राजनीतिक दल नेकपामाथि प्रतिबन्ध लगाए ।

राजनीतिक रूपमा अभिव्यक्त यी दुई कार्यहरूसँग नेपाल र नेपालीको आशा र भविष्यसँग प्रम ओलीले निकै खेलवाड गर्न पुगेका छन् । पहिलो कुरा, प्रम ओली अमेरिकी महाशक्तिको ठाडो निर्देशनमा नेपालमा अमेरिकी हस्तक्षेपकारी नीतिअनुसार रातारात देश र जनताको अहित हुने कदमहरू चालिरहेका छन् । पश्चिमाहरू र विशेष गरी अमेरिकी समर्थन रहेका सीके राउतसँग वेप्रसंगको राजनीतिक सहमति गरेर स्वतन्त्र मधेश निर्माणका लागि 'जनअभिमत' का नाममा जनमत संग्रहको स्वीकृति दिएका छन् । यो नेपालको एकता र राष्ट्रिय अखण्डताविपरीत एक राष्ट्रघाती कार्य हो । राष्ट्र र राज्यका प्रमुखका हैसियतले गरिएको यो कार्य शतप्रतिशत गैरकानुनी र दण्डनीय छ । प्रधानमन्त्री ओली आफैले जनअभिमतको उच्चतम् अभ्यास भनेकै जनमत संग्रह हो भनेर फलाक्नु आफैमा अमेरिकी साम्राज्यवादको नांगो दलाली हो । यसबाट ओली अमेरिकी कठपुतलीका रूपमा दर्ज हुन पुगेका छन् ।

अर्को कुरा भनेको विप्लवद्वारा नेतृत्व गरिएको नेकपाका राजनीतिक गतिविधि तथा पार्टीमाथिको प्रतिबन्ध हो । यो भनेको ओली सरकारको निकै अराजनीतिक र प्रतिशोधपूर्ण कार्य पनि हो । एक पटक पनि औपचारिक रूपमा वार्तामा नबोलाइकन सिधै एक राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाइएको छ । देश र जनतामाथि जबर्जस्त युद्ध थोपरिरहेको छ । देश र जनघातका हिसाबले यो अर्को अपराधजन्य कार्य हो । विप्लव नेकपाका गतिविधिमाथि रोक लगाउने उद्देश्यले देशमा अहिले पुलिस र सशस्त्र बलको राज चलाइएको छ । जनता निकै असहज अवस्थामा छन् र सशंकित पनि छन् । नेपालको सरकारले सधैं देश र जनताविरोधी काम मात्र गरिरहने भएकाले फेरि अर्कोपटक सरकारविरुद्ध देशव्यापी रूपमा सडकमा ओर्लन वर्षौं कुरेर बस्ने छैनन् ।

प्रधानमन्त्री ओली देशमा सिर्जित यो अवस्थाप्रति संवेदनहीन देखिएका छन् । उनी यो अवस्थालाई थप चर्काएर अघि बढाउने धन्दामा लिप्त भएर लागिपरिरहेका छन् । विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्धका नाममा पूम ओली नेपाली सेना परिचालन आफ्नो हातबाट गर्ने गरी संविधान विपरीत कानुन निर्माणमा जुटेका छन् । जनताको जनअभिमत लिएर निर्वाचित भई संसदमा पुगी स्वयम् संसदले चयन गरेका प्रधानमन्त्री ओली अब जंगी प्रधानमनीका रूपमा उभिने प्रयासमा लागेका छन् ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।
४. लेख वा समाचार पठाएपछि ९८६०५०३९८३/९८५११३४८३० वा ०१-४७८५७६३ मा फोन गरी जानकारी गराउन हुन अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# जनविद्रोहका लागि विगतबाट लिनु पर्ने शिक्षा


भरत बुर्जामगर

*मुख्य वैचारिक नेतृत्वको भारतमा गिफ्तारीपछि तात्कालिन पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टीलाई चलाउन होइन, घिसार्न थाले । चुनवाङबाट लोकतान्त्रिक गणतन्त्रको संसदवादी बाटोमा हिंडाए । वृहत् शान्तिसम्झौताको नाममा संसदभित्र ल्याए । यति बेला जनयुद्ध, जनसेना, जनअदालत, क्रान्तिकारी पार्टी सबै पेन्डिङमा राखे र क्रमशः बिघटन गर्दै लगे*

जनविद्रोह नेकपा (क्रान्तिकारी माओवादी) आगामी संघर्षको राजनीतिक, वैचारिक तथा सामरिक महत्वको कार्य दिशा हो । यसमा नेपालमा पछिल्ला समयमा विकास भएका आत्मगत तथा वस्तुगत विशेषताहरूको केही नयाँ रूपमा पहिचान र सम्बोधन भएको पनि पाइन्छ । जनविद्रोह नै अहिलेको उचित एवम् वस्तुवादी कार्यदिशा पनि हो ।

यसका कार्यान्वयन पक्ष निकै नयाँ, आधुनिक खालको र थप केही नयाँ प्रयोगसहितको कलात्मक हुने कुरामा कुनै आशंका पनि छैन । यसले विचार, नेतृत्व, संघर्षको स्वरूप तथा त्यसको कार्यान्वयनका लागि त्यसै अनुरूपको सांगठनिक ढाँचा र नीति तथा कार्यक्रमको माग पनि गरेको छ । सिंगो पार्टीको रूपान्तरणको जोड पनि यसैमा केन्द्रित हुनु जरुरी छ ।

यसका लागि विगतको समीक्षा एक अनिवार्य शर्त हो । विनासमीक्षा र शिक्षा, फेरि त्यो पनि आफ्नै भूभिमा आफैले लडे/गरेको कार्यको त झनै जरुरी पर्छ पनि । यसमा हामी माओवादीहरूको ध्यान गम्भीरताकासाथ जानु जरुरी छ । समीक्षा विविधतामा पनि र समग्रतामा पनि हुनु जरुरी छ ।

जनयुद्ध सुरु गर्दा गरिएका केही महत्वपूर्ण संश्लेषणहरूको फेरि पनि थप समृद्धिका लागि घोत्लिनु पर्छ । मार्क्सवाद-लेनिनवाद-माओवाद विचारको आलोकमा जनयुद्ध गरिएको थियो । यसको उद्देश्य देशमा आमूल परिवर्तन ल्याउनु थियो । यो वैचारिक संघर्षमा तात्कालीन पार्टी एकताकेन्द्र आफैमा निकै विभाजित भयो पनि । बहसका क्रममा जनयुद्ध कि जनविद्रोह भनेर छलफल पनि भए । निर्मल लामा यसै बहसबाट पार्टीबाट बाहिरिएका थिए । पछि विचार संश्लेषण माओवादमा भएपछि मार्क्सवाद-लेनिनवाद-माओवाद विचारअनुसार पार्टीको नाम पनि नेकपा (माओवादी) राखिएको थियो ।

देशमा पुँजीको विकास नभएको र सामन्ती उतपादन प्रणालीमा आधारित भएको र सरकार प्रमुख पनि सामन्तका नाइके राजा नै रहेकाले नयाँ जनवादी क्रान्तिको बाटो नै नेपालका लागि उत्तम थियो । संश्लेषण पनि त्यही नै भयो । सशस्त्र वा जनविद्रोहका लागि त्यतिबेला कुरा गर्नु छद्म कुरा गर्नु र क्रान्ति वा वर्ग संघर्ष नगर्नु नै थियो । त्यो लाइन त्यतिबेला पराजित भएको थियो । आश्चर्यको कुरा त के पनि रह्यो भने सशस्त्र जनविद्रोहको वकालत गर्ने लामाजीहरूले उक्त मोडलको विद्रोहको कहिल्यै पनि तयारीसम्म गरेनन् । प्रयोगमा जाने त सपनाको कुरा जस्तै भयो ।

यो आफैमा वर्ग संघर्ष भएकाले यसको उद्देश्य पनि वर्गीय राज्य व्यवस्था स्थापना गर्नु थियो । यसको उद्देश्य संसदीय व्यवस्थाको अन्त्य गरेर जनवादी गणतन्त्र स्थापना गर्नु थियो । संसदीय व्यवस्थाको विकल्प नयाँ जनवादी व्यवस्था नै भएको घोषणासहित जनयुद्ध सुरु गरियो । त्यतिबेलाको विशिष्टतामा गाउँ र सहरबीचको भेद, प्रचारात्मक र घनिभूत संघर्षका क्षेत्रहरूबीचको भेद, जनता र कार्यकर्ताहरू बीचको भेद, सामान्य कार्यकर्ता र लडाकु दस्ताहरूबीचको भेद र विशेषताहरूमा अन्तर र अन्तरसम्बन्धबारे सबैलाई प्रशिक्षित गरियो । यसले सोच, विचार र संगठन तथा जनपरिचालनमा निकै ठूलो मद्दत पुर्‍यायो ।

देशमा जनयुद्धको तरंग फैलँदै जाँदा माओवादीहरूको भौतिक उपस्थितिलाई पनि जोड दिइयो । कार्यकर्ताहरूको अन्तर जिल्ला कार्य विभाजन भए । देशमा जहाँ पनि गएर काम गर्ने भावनाको किास भयो । क्रमशः लडाकु दस्तामा आकर्षण बढ्दै गयो । यो एउटा अनिवार्य युद्धजीवन शैली पनि थियो र सहज पनि बन्दै गयो । यो त पछि आएर एक सामान्य जीवनपद्धतिका रूपमा विकास भएर पनि गयो । यसले माओवादीको जननीति व्यवहारिक र वैज्ञानिक भएको कुरालाई पष्टि गर्छ ।

संघर्षका कार्यक्रमहरू पनि आवश्यकता अनुसार एकअर्काका परिपूरक बनाएर लगियो । स्थानीय फटाहमाथिको कारबाहीसँगै नेपाल बन्दको आयोजनासम्म गरियो । मशाल जुलुशसँगै गाउँमा सशस्त्र प्रदर्शन पनि गरियो । साना एम्बुसहरूसँगै पुलिस चौकीहरूमाथि पनि आक्रमण गरियो । वर्गसंघर्षले यो अद्वितीय उचाइ चुम्दा अन्तरसंघर्ष र आत्म संघर्षले पनि उत्तकै उचाइ कायम गरे ।

नेता तथा कार्यकर्ताहरू मर्नबाट एकरत्ति पनि डराएनन् । बलिदानका लागि ताँती लाग्न थाल्यो । जनतामा पनि युद्धमा हुने मृत्यु एक भयानक र अपाच्य जस्तो नभएर सामान्य बन्दै गयो । बलिदान जनताको तर्फबाट पनि सचेत रूपमा हुँदै जान थाल्यो । यसले गर्दा पार्टीका नेता तथा कार्यकर्ताहरूमा भयको नामोनिशान नै रहेन । एक पछि अर्को गरी जुझारु शक्तिको बिस्तार हुन गयो । सबैको सोचाइमा मुक्ति या मृत्युको कुरा बाहेक अरु केही रहेन । युद्ध अपरिहार्य भयो, युद्ध वास्तविक जनयुद्धमा परिणत हुन गयो ।

संघर्षबाट संघर्ष सिक्ने वा युद्धबाट युद्ध सिक्ने कुरा र कलालाई सबैले आफ्नो सकता र क्षमताअनुसार लागू गर्दै गए । संघर्षका हिसाबले यो रणनीतिक रक्षा, रणनीतिक सन्तुलन र रणनीतिक प्रत्याक्रमणका हिसावले अघि बढ्नु थियो । तर केवल रणनीतिक रक्षा र रणनीतिक सन्तुलनबाट मात्र सफलतापूर्वक अघि बढ्यो । र, रणनीतिक प्रत्याक्रमणको चरणको तयारी त गरिन थालिएको थियो, तर पूर्ण रूपमा रणनीतिक चरणको लडाइँ लडिएन ।

मुख्य वैचारिक नेतृत्वको भारतमा गिफ्तारीपछि तात्कालिन पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टीलाई चलाउन होइन, घिसार्न थाले । चुनवाङबाट लोकतान्त्रिक गणतन्त्रको संसदवादी बाटोमा हिंडाए । वृहत् शान्तिसम्झौताको नाममा संसदभित्र ल्याए । यति बेला जनयुद्ध, जनसेना, जनअदालत, क्रान्तिकारी पार्टी सबै पेन्डिङमा राखे र क्रमशः बिघटन गर्दै लगे ।

पछि क. किरण र क. गौरव जेलबाट छुटेपछि पार्टीमा विचार वा लाइन संघर्ष चल्यो । विचार समूह बनाएर विचार संघर्ष चलाएर आखिर दाहाल-भट्टराईको दक्षिणपन्थी संशोधनवादी चंगुलबाट क्रान्तिकारीहरूको बीऊ जोगाउने काम भयो । पछिल्लो चरणमा विप्लव र बादलहरू यो क्रान्तिकारी पार्टी छाडेर गए पनि यसले आफ्नो विचार अनुसारको कार्यक्रमहरू निर्माण गरेर सफलतापूर्वक अघि बढिरहेको छ ।

अहिले नेकपाको दुईतिहाईको ओली सरकार राष्ट्रघाती, जनघाती तथा जनविरोधी कामहरूमा निर्लिप्त भएर लागि परिरहेको छ । मधेश टुक्र्याउन हिंडेका सीके राउतसँग राष्ट्रघाती सम्झौता गर्न पुगेको छ । विप्लवद्वारा नेतृत्व गरिएको नेकपामाथि प्रतिबन्ध लगाएको छ । रेशम चौधरीहरूलाई आजीवनको काराबासको सजाय सुनाएको छ । देश र देशका जनतामाथि जबर्जस्त युद्ध थोपरेको छ । यसले सशस्त्र जनविद्रोहको वातावावरणलाई परिपक्व बनाउँदै लगेको छ । जनविद्रोह अवश्यंभावी हुँदै गएको छ ।

## झर्रोटर्रो

kailubraha73@gmail.com
कैलुब्राह

# सक्कली कम्निसको पहिचान

सरकारी कम्निस पाटीले आफूलाई अब्बल दर्जाको कम्निस पाटी भनेर दावा गर्छ । उसले गएको चुनाउमा नेपाल मण्डलका सबै कम्निसहर्लाई एकै ठाममा डल्लो पारेर नेपाल मण्डलमा बडेमानको कम्निस पाटी बनाएर सरकारमा राइँदलो मच्चाउने भनेर चुनाउको घोप (घोषणा पत्र) जारी गरेको थ्यो । चुनाउ सक्केको केही मैनासम्मको गरदल्लो पछि जनयुद्ध लडेका लडाका नेताहर्को पाटी र उखानप्रसादको पाटी जसोतसो मिलेर बडेमानको पाटी पनि बनाए । लडाकाहर्को पाटी त दसोटा मिलेर बनेको पाटी थ्यो । दसोटा मध्य आधाउधी बन्दा बढि त सिङ्गो नेपाल भरिका एक्ले नेता मात्रैको थ्यो । ती पनि लडाका पाटीका सुप्रिमोबाट गतिलो दानापानी नपाएर ठुस्किएर अलग भएकाहर्को । सुप्रिमोको केन्द्र र उखानेको टाउको यौटै पाटी बनेपछि ऐले नेपाल मण्डलमा सबै भन्दा ठूलो बडेमानको हात्ती पाटी पनि त्यही भएको छ । यो कुरो त सबैले छर्लङ्गै देखेको कुरो भैगयो । अब गाँठी कुरोतिर लागौँ ।

सरकारी कम्निस पाटी नेपाल मण्डलमा भएका कम्निसहर्मा सबै भन्दा अब्बल दर्जाको सक्कली कम्निस हो । हुन त सानातिना भूरेभारे कम्निसहर्ले यो पाटीलाई कम्निस हैन भनेर पनि भन्चन् । यस्को आन्द्राभुरी नै उदाङ्गो पारेर देखाउँचन् । तर मलाई त्यस्तो लाग्दैन । म त यो खाँट्टी, सक्कली र अब्बल दर्जाको कम्निस हो भन्चु । यो अब्बल दर्जाको सक्कली कम्निस पाटी हो भन्ने थुप्रै पर्मान छन् । जस्तै :

१. नेपाल मण्डललाई टुकारेर तराइको मैदानी जमीन जति अन्तै गाभ्ने भन्दै सात समुन्द्र पारीबाट कान फुकाएर आएको राष्टघाती मनुवालाई महान् राष्टवादी देखेर उसलाई झ्यालखानाबाट झिक्न लगाएर ग्यारबुँदे तमसुक लेखी देश टुकार्ने लाइसनमा लाहाछाप लगाउने काम सक्कली कम्निसले मात्रै गर्न सक्छ ।

२. देशमा जनताको व्यवस्था जनवाद, समाजवाद ल्याउन पर्च भनेर लागेको रोल्पाली ठकुरीको कम्निस पाटीलाई आतङ्ककारी भनेर प्रतिबन्ध लगाए । अब्बल कम्निस भएकैले अर्को कम्निसलाई प्रतिवन्ध लाउन सक्च । हिज पनि माउवादीले जनयुद्ध लड्दा संसदमा बसेको कम्निसले आतङ्ककारी भनेर टाउकाको मोल तोकेको थ्यो । ऐले पनि त्यै पाटीमा जनयुद्धका लडाका कमाण्डर मिसिएर खाँट्टी कम्निस बनेर अर्को कम्निसलाई प्रतिबन्ध लाए ।

३. अब्बल दर्जाको कम्निस पाटी भएकैले छिमेकीले साँध मिचेर आँठाकिला सार्दा पनि चुपअञ् लागेर बस्च र छिमेकीकै खुट्टा ढोगेर आफ्नो कुर्ची बचाइदिन बिन्तभाऊ गर्च ।

४. अब्बल दर्जाको कम्निस सरखार भएको हुनाले आफूले खैरेकुइरेको धर्मको प्रचार गरेर पुरस्कार थाप्दै हिँड्ने र महामहिम नेपालपति महोदयलाई हिन्दू धर्मको कर्मकाण्ड गर्न लाउँच ।

५. अब्बल दर्जाको कम्निस पाटी भएकोले दशैंमा राजा रजौटाले जस्तै रैतीलाई जम्मा पारेर घुँडा टेक्न लगाएर टिकोटालो लाइदिन्च ।

६. अब्बल दर्जाको खाँट्टी कम्निस भएकोले गौर घटनामा २९ जना माउवादीलाई सोत्तर पारेर हत्या गरेकालाई सरखारको उपमुखिया बनाउने र ६ थान पुलिस मारेको घटनाको नेतृत्व गरेकालाई चुनाउ जित्दा पनि जेल हाल्ने गर्च । किनकि गौरमा माउवादी पार्टीमा लागेका गरिवगुरुवा थिए, कैलालीमा मर्ने पुलिस भए ।

७. जनयुद्धमा लड्दा पुलिस सेनाले मारेका गरिवगुरुवालाई मृतक र माउवादीपक्षबाट मारिएका पुलिस सेनाहर्लाई सरखारले सहिद भनेको छ । अब्बल दर्जाको कम्निस पाटीको सरखारले गर्ने काम त्यही हो । किनकि राजतन्तर फालेर गणतन्तर ल्याउन लडेका माउवादी लडाकाहरू गरिवगुरुवा थिए र तिनलाई उतिवेला आतङ्ककारी भनिएको थ्यो । पुलिस सेना त राजतन्तर बचाउन, गणतन्तर ल्याउन नदिन गरिवगुरुवालाई मार्दै हिँडेका थे ।

८. अब्बल दर्जाको कम्निस भएकाले कम्निस नाउँका पाटी जतिलाई शत्तुर देख्छ, कम्निस नाउँ नभएका, राजा फर्काउन पर्च भन्ने, देश टुकार्न खोज्नेहर्लाई मित्र भनेर अँगालो हाल्च ।

९. अब्बल दर्जाको कम्निस भएकैले चोर, डाँका, हत्यारा, बलात्कारी, डन, तस्कर, माफियाखोर, भ्रष्टाचारी, ठगदारहर्लाई पाटीका नेता बनाउँच । कैलेकाइँ पुलिसले पकड्यो भने पनि आफ्नो पाटीका कार्यकर्तालाई किन पकडेको भनेर उल्टै पुलिसलाई हकारेर छोड्न लगाउँच । सोझासिधा, गरिबगुरुवा कार्यकर्तालाई पाखा लगाउँच, च्युरी चुसेर खोस्टो मिल्काएझैं मिल्काउँच ।

१०. अब्बल दर्जाको कम्निस पाटी भएकैले चुनाउमा करोडौं खर्च गर्नेलाई टिकेस दिन्च, कार्यकर्तालाई रक्सी मासु खुवाएर लट्ठ पारेर हिडाउँच, भोट किनेर चुनाउ जित्च । यस्तो काम सक्कली कम्निसले मात्रै गर्च ।

११. सक्कली कम्निस भएकाले आफ्ना छोरा-छोरी, जोई-पोई, भाइ-भतिजा, साला-साली, भान्जा-भान्जी जस्ता नातागोतालाई मान्ने मन्तरीका पिए बनाउँच ।

१२. सक्कली र खाँट्टी कम्निस पाटी भएको हुनाले चारतारेले बेचेर बाँकी रहेका नदीनाला, पाखापखेरा, बनजङ्गल सबै बेच्छ र राष्टघाती सन्धीसम्झौतोमा सहीछाप ठोकेर आफ्नो सरखारी कुर्ची बचाउन सौदाबाजी गर्च ।

१३. सक्कली कम्निस पाटीको सरखार भएको हुनाले विभिन्न देशमा गएर श्रमभिसाको भीखमागेर मुलुकका युवा जति विदेश लखेटेर देशमा बूढाबूढी, अपाङ्ग, सुत्केरी, भुराभुरी केटाकेटी मात्रै राखेर समाजवाद ल्याउने घोषणा गर्च ।

यस्ता काम सबै अहिलेको दुइत्याइको कम्निस सरखारले गरेको हुनाले यो सरखारी पाटी अब्बल दर्जाको, खाँट्टी, सक्कली कम्निस पाटी हो भन्ने यो कैलुब्राहको ठहर हो । आगे श्री पशुपतिनाथले जाने ।

## सन्दर्भ : १३५औं मार्क्स स्मृति दिवस


# कार्लमार्क्स : महान चरित्रका केही प्रमुख विशेषता



कृष्णदास श्रेष्ठ

मार्क्स एक बहुमुखी, बहुआयामिक र बहुपक्षीय प्रतिभाहरूले सम्पन्न व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ एक महान वैज्ञानिक, वैज्ञानिक सत्यका अनुसन्धानकर्ता, सर्वहारा आन्दोलनका महान गुरु, नेता तथा सङ्गठनकर्ता, सर्वहारा मुक्ति-सङ्घर्षका महान रणनीतिज्ञ तथा कार्यनीतिज्ञ, क्रान्तिकारी विचारक तथा प्रचारक हुनुहुन्थ्यो । सर्वहारावर्गको मुक्तिको पवित्र लक्ष्यमा र सत्य र न्यायको पक्षमा बडो उत्साह, लगन तथा साहसका साथ गरिएको सङ्घर्षले भरिपूर्ण उहाँको जीवन थियो । कम्युनिष्ट लीगका सङ्गठनकर्ता, कम्युनिष्ट घोषणापत्रका एक लेखक, क्रान्तिकारी विश्व-दृष्टिकोण, अतिरिक्त मूल्यको सिद्धान्त र वैज्ञानिक साम्यवादका प्रवर्तक, पहिलो इन्टरनेशनलका मुटु तथा मस्तिष्क, विश्व मजदुर आन्दोलनको लागि सही दिशाबोधदाता र विश्वका मजदुर हरूको वर्ग-सङ्घर्षका लागि संयुक्त कार्यनीतिका प्रतिपादकको हैसियतबाट उहाँले सामाजिक विचारको क्षेत्रमा र श्रमिक मानवजातिको मुक्ति-लक्ष्यमा अमर र गौरवशाली उहाँले योगदानहरू गर्नुभयो । विशाल हृदय भएका सर्वहारावर्गका सच्चा नेता तथा गुरुको हैसियत राख्ने महान व्यक्तित्वमा महान चारित्रिक गुणहरू स्वाभाविक रूपमा रहेका हुन्छन् । वैज्ञानिक, चिन्तक तथा क्रान्तिकारी योद्धाको रूपमा मात्र होइन, मानिसको रूपमा पनि मार्क्स सर्वोत्तम बौद्धिक तथा नैतिक गुणहरूले सम्पन्न हुनुहुन्थ्यो । अन्याय, अत्याचार तथा शोषणप्रति र त्यस्तै फट्याइँ, पाखण्डीपन तथा त्रूरताप्रतिको दृष्टिकोणमा, आफ्ना सहयोद्धा, मित्र तथा अनुयायीहरू र केटाकेटीहरूप्रतिको व्यवहारमा र साथै सामना गर्नुपरेका आपद-विपद र दुखको बेलामा उहाँको महान चरित्रमा अन्तर्निहित गुणहरू अभिव्यक्त भएका थिए । मार्क्सको स्वीकारोक्ति (Confessions), जुन उहाँले १८६५, अप्रिल १० तारिखमा लेख्नुभएको थियो, त्यसले उहाँको व्यक्तित्व र चरित्रको सम्बन्धमा केही प्रकाश प्रदान गर्छ । व्यक्ति कस्तो कुरा मन पराउँछ, कस्तो मन पराउँदैन, कस्तो व्यक्तिलाई मन पराउँछ, कस्तोलाई घृणा गर्छ भन्ने कुरामा उसको मानसिक स्थिति, मनोवैज्ञानिक बनौट, उसको व्यक्तित्वको आन्तरिक ढाँचाले सारगत रूपमा आफूलाई व्यक्त गर्छन् । उपरोक्त स्वीकारोक्ति निम्न प्रकारको छ : तपाईंलाई सबभन्दा बढी मनपर्ने गुण- सरलतापुरुषमा तपाईंलाई मनपर्ने गुण- बलआइमाईमा तपाईंलाई मनपर्ने गुण-कमजोरीतपाईंको मुख्य विशेषता-आफ्नो उद्देश्यप्रति पूर्ण समर्पणसुखसम्बन्धी तपाईंको विचार- सङ्घर्ष गर्नु दुःखसम्बन्धी तपाईंको विचार- आत्म-समर्पण गर्नुतपाईंले क्षमा गर्नसक्ने अवगुण - सजिलैसित धोखामा पर्नु तपाईंलाई सबभन्दा बढी घृणालाग्ने अवगुण- दास-प्रवृत्ति तपाईंलाई अति मननपर्ने व्यक्ति-मार्टिन तुपरतपाईंको प्रिय पेशा - किताबको किरा बन्नुतपाईंलाई मनपर्ने कवि - सेक्सपियर, एसिलस, गेटेतपाईंलाई मनपर्ने गद्य-लेखक - दिदेरततपाईंलाई मनपर्ने वीर - स्पार्टाकस, केप्लरतपाईंलाई मनपर्ने वीराङ्गिनी - ग्रेचेनतपाईंलाई मनपर्ने रङ्ग - रातोतपाईंलाई मनपर्ने नाउँ - लौरा, जेनीतपाईंलाई मनपर्ने खाना- माछातपाईंको प्रिय सूत्र- कुनै पनि मानवीय चीज मेरो लागि विजातीय छैन (Nihil humani a me alienum puto) तपाईंको प्रिय आदर्श वाक्य -हर कुरामा शङ्का गर (De omnilus dubitendum) आफ्नो समयका प्रगतिशील प्रवृत्तिहरू र समाजको सबभन्दा क्रान्तिकारी र भविष्य बोकेको वर्गका आधारभूत हितहरूको सच्चा प्रवक्ता हुनाले, मार्क्स वास्तविक तथा पूर्ण अर्थमा महान नेता कहलिन योग्य हुनुहुन्थ्यो । के भनिन्छ भने श्रमजीवी जनताका सच्चा, महान नेतामा केटोको दिल हुन्छ – विशाल, शुद्ध, सीधा र पवित्र । उक्त भनाइ एक महान सत्य हो, र मार्क्समा उक्त सत्यले आफूलाई अधिकतम स्पष्ट, अधिकतम पूर्ण र अधिकतम चहकिलो रूपमा अभिव्यक्त गरेको छ । आफ्नो मार्क्ससम्बन्धी संस्मरणमा विल्हेल्म लीब्नेच्टले मार्क्सको चरित्रका विशिष्ट लक्षणहरूबारे धेरै ठाउँमा चर्चा गरेका छन् । एक ठाउँमा उनले लेखेका छन् : 'मार्क्स त्यस्ता थोरै मानिसहरूमा एकजना हुनुहुन्छ, जो मिथ्याभिमानबाट मुक्त थिए । उहाँ कति महान, कति सबल र साथै कति स्वाभिमानी हुनुहुन्थ्यो भने उहाँमा मिथ्याभिमान भन्ने कुरा थिएन । उहाँ कहिले पनि बनावटी रूप लिनुहुन्नथ्यो, उहाँ सँधैभरि आफै हुनुहुन्थ्यो । नक्कली भेष धारण गर्न वा बहाना गर्न उहाँ सक्नुहुन्नथ्यो, जस्तो कि कुनै केटो त्यसो गर्न सक्दैन ....... 'कुनै पनि मानिस मार्क्सभन्दा बढी सत्यवादी हुन सक्दैन – उहाँ सत्यवादीताको अवतार हुनुहुन्थ्यो । 'निरन्तर युद्धको स्थितिमा रहेको हाम्रो 'सभ्य' समाजमा सधैँभरि सत्य बोल्न सकिँदैन, किनभने त्यसरी बोल्दा शत्रुको हातको खेलौना बन्न जानेछ वा समाजबाट अलगिने खतरा रहनेछ । तर, सत्य बोल्नु अक्सर बुद्धिमानी नभए पनि,, सधैँभरि झुटो बोल्नु आवश्यक छैन । मैले आफूलाई लागेको वा आफूले महसुस गरेको कुरा जैले पनि भन्नु हुँदैन, तर त्यसको अर्थ आफूले महसुस नगरेको वा आफूलाई ठीक नलागेको कुरा भन्नुपर्छ भन्ने होइन । पहिलो बुद्धिमानी हो भने पछिल्लो पाखण्डनीपन हो । मार्क्स कहिले पनि पाखण्डी हुनुहुन्नथ्यो । एक सीधासाधा केटो झैं, उहाँ पाखण्डी बन्न एकदमै सक्नुहुन्नथ्यो । उहाँकी श्रीमती उहाँलाई अक्सर 'मेरो ठूलो बच्चा' भनी बोलाउँथे, र तिनले भन्दा बढी कसैले पनि, एन्जेल्स समेतले पनि, उहाँलाई जानेका वा बुझेका थिएनन् । 'झुठो बहाना गर्ने मानिसहरूलाई उहाँ घृणा गर्नुहुन्थ्यो ।'

वैज्ञानिक सत्यका अथकित अनुसन्धानकर्ता हुनाले, मार्क्सको एउटा चरित्रगत विशेषता कस्तो रहेको थियो भने उहाँ खोक्रो वाक्यांश, फोस्रो धाक तथा फाइँफुट्टी, झुटो पोजको प्रदर्शन आदिलाई भयानक रूपले घृणा गर्नुहुन्थ्यो, र त्यसलाई उहाँ क्षमायोग्य कुरा ठान्नुहुन्नथ्यो । विज्ञानको क्षेत्रमा होस् वा राजनीतिको क्षेत्रमा, उहाँ साधन र साध्यको शुद्धताको पक्षधर हुनुहुन्थ्यो, र त्यसको विपरित गरिने क्रियाकलापलाई नीच तथा घिनलाग्दो कुरा ठान्नुहुन्थ्यो । राम्रा, आकर्षक वाक्यांशहरू प्रयोग गरी आफ्नो बुद्धिहीनतालाई लुकाउन खोज्ने, वा षड्यन्त्रकारी ढङ्गले क्रान्तिकारी नाराहरू दिई आफ्नो महत्वाकांक्षी उद्देश्य वा संकीर्ण स्वार्थ पूरा गर्न खोज्ने प्रवृत्तिलाई उहाँ एउटा ठूलो अपराधको रूपमा लिनुहुन्थ्यो । उहाँको अन्तर्दृष्टि यति तीक्ष्ण थियो कि उहाँ त्यस्ता वाक्यांश तथा नाराहरूको पछिल्तिर रहेको पाखण्डीपन, गँवारपन वा निहित स्वार्थलाई राम्ररी देख्नुहुन्थ्यो । खास रूपले उहाँ विज्ञानलाई, कुनै सिद्धान्तलाई आफ्नो स्वार्थ सिद्ध गर्नका लागि प्रयोग गर्ने गँवारहरूप्रति साह्रै ठूलो घृणाको दृष्टिले हेर्नुहुन्थ्यो । 'नीच उद्देश्य' मा विज्ञानको प्रयोग गर्नु हुँदैन भनी उहाँ जोडदार रूपमा वकालत गर्नुहुन्थ्यो । उहाँ भन्नुहुन्छ : '.......... जब कुनै मानिसले विज्ञानलाई स्वयं विज्ञानबाट निकालिएको दृष्टिकोणसित होइन, बरु बाहिरबाट, विजातीय बाहिरी हितबाट निकालिएको दृष्टिकोणसित मिलाउन खोज्छ, तब म उसलाई 'नीच' भन्छु ।' मार्क्सले उपरोक्त कुरा थामस रबर्ट माल्थस, रोस्चर, फ्रेडेरिक बास्टियट जस्ता विज्ञानको झुटो विवेचना गर्ने र शासकवर्गहरूप्रति चापलुसी देखाउनेहरूलाई लिएर भन्नुभएको थियो । उहाँ त्यस्ता अर्थशास्त्री, राजनीतिज्ञ, दार्शनिक आदिलाई 'नीच' ठान्नुहुन्थ्यो, जो सत्यको खोज गरी त्यसलाई खुलस्त पार्नुको सट्टामा सत्यको झुटो रूप र मिथ्या व्याख्या प्रस्तुत गर्ने, अर्ध-सत्य कुराको चिप्लो घसेर सत्यलाई लुकाउन खोज्ने र त्यसरी शासकवर्गहरूको हित साध्ने र आफ्नो संकीर्ण स्वार्थ पूरा गर्ने गर्दथे ।



त्यस्तै, सस्तो लोकप्रियताका भोका, आफ्नो अल्पज्ञानका घमण्डी तथा आत्म-प्रशंसक नेताहरूप्रति पनि उहाँमा ठूलो घृणाको भाव थियो । जर्मन सामाजिक-जनवादीहरूका नेता फर्दिनैण्ड लास्साल उहाँको दृष्टिमा उपहासको पात्र बन्नाको कारण के थियो भने उनमा प्रतिभा भए पनि,, सस्तो लोकप्रियताको भोक, शान देखाउने कुलीनवर्गीय प्रवृत्ति, पैसाको लोभ, चञ्चलता तथा भावुकता, जस्ता खराबीहरू रहेका थिए । त्यसो हुनाले मार्क्सले उनलाई घृणा र उपहास जनाउने नक्कली नामहरू दिने गर्नुभएको थियो । उहाँ सस्तो लोकप्रियताको निम्ति गरिने चाप्लुसी तथा प्रचारलाई घृणाको दृष्टिले हेर्नुहुन्थ्यो, र उहाँले लोकप्रियताको दृष्टिबाट कहिले काम गर्नु भएन । १८७७ नवेम्बर १० तारिखमा विल्हेल्म ब्लोसलाई पठाएको पत्रमा उहाँले लेख्नुभयो : 'हामीमध्ये' (यहाँ हामीको तात्पर्य आफू र एन्जेल्स-ले.) 'कसैले पनि लोकप्रियताको लागि रत्ती पनि वास्ता गरेका छैनौं । उहदाहरणका लागि, त्यसको एउटा प्रमाण के हो भने कुनै पनि व्यक्ति-पूजाप्रति घृणाको कारणले गर्दा, इन्टरनेशनल रहँदाखेरि विभिन्न मुलुकहरूबाट मप्रति प्रशंसाका जुन असंख्य अभिव्यक्ति प्रकट गरिएको थियो, त्यसलाई मैले कहिले पनि आम प्रचारको क्षेत्रसम्म पुग्न दिएको छैन, र यदाकदा गाली गर्नु बाहेक मैले कहिले पनि जवाफ दिएको छैन । पहिलोपटक एन्जेल्स र म गोप्य 'कम्युनिष्ट समाज'मा सामेल हुँदाखेरि हामीले एउटा कस्तो शर्त राख्यौं भने प्राधिकारप्रति अन्ध-विश्वासपूर्ण विश्वासलाई प्रोत्साहित गर्ने सारा कुरा नियमावलीबाट हटाउनु पर्छ ।' लोकप्रियताको लागि गरिने काम र प्रयासलाई उहाँ पटक्कै मनपराउनु हुन्नथ्यो । उहाँको एउटा दृढ मत के थियो भने जन-समूहबाट प्राप्त हुने वाहवाहीको मतलब आफू गलत बाटोमा रहेको तथ्यको एउटा पक्का सबूद प्रमाण हो । कसैले आफ्नो खुब प्रशंसा गर्दैमा, वा कसैले निन्दा वा बदख्वाइँको प्रचार गर्दैमा, वा कसैले आफ्नो विरुद्ध होहल्ला मचाउँदैमा उहाँ आफ्नो बाटो छोडेर हिंड्ने व्यक्ति हुनुहुन्नथ्यो । जसले जेसुकै भनून्, गाली गरुन् या तारिफ गरुन्, त्यसबाट रत्ती पनि विचलित नभएर र बदख्वाइँ र निन्दालाई माकुराको जालो झैं ठानी त्यसलाई पन्छाई उहाँ आफ्नो बाटो लाग्नुभयो । जब जब कुकुरले भुक्छ, तब तब जो मानिस रोकिन्छ, ऊ कहिल्यै आफ्नो लक्ष्यमा पुग्न सक्दैन । त्यसैले दाँतेको निम्न पङ्क्ति मार्क्सको मूलमन्त्र बनेको थियो : खुरुखुरु आफ्नो बाटो लाग, भन्नेहरू भनिरहून् ।

विज्ञानमा र राजनीतिमा गवाँरहरू त्यस्ता मानिसहरूमध्येका थिए, जसप्रति मार्क्समा औधी घृणा थियो र जसलाई उहाँ उपहासको पात्र बन्न योग्य ठान्नुहुन्थ्यो । गवाँरवादका धेरै रूपहरू छन् र त्यो विभिन्न रूपमा व्यक्त हुन्छ । गवाँरहरू आफूलाई बडो ठूलो चिन्तकजस्तो, बडो बुद्धिमानीजस्तो देखाउन खोज्छन्, तर तिनीहरू ज्ञान-सागरमा सतहभन्दा तल पुगेका हुँदैनन् । तिनीहरू आफ्ना खिचडी धारणा, इच्छा वा अनुमानलाई तथ्य मानेर अखबारहरूमा प्रचार वा संसदमा भाषण गरेर संसारलाई हाँक्न सक्ने ठान्छन् । उनीहरू जोशिला शब्दहरू प्रयोग गरेर उडन्ते भाषण गर्न मनपराउँछन् र अनि आफ्नै महत्वाकांक्षा वा स्वार्थलाई समयको मागको रूपमा प्रस्तुत गर्न धक मान्दैनन् । कोही त आफू ठूलो योद्धाको रूपमा प्रस्तुत गर्छन्, तर तिनीहरू त्याग र बलिदान गर्ने योद्धा नभएर पेटको लागि वा पदको लागि लड्ने योद्धा मात्र सधैँभरि रहन्छन् । तिनीहरू फुलबुट्टा भरेर भाषण गर्छन्, साना-तिना काम गरेर आफूले महान काम गरेको ठान्छन्स दिमाग खोक्रो भए पनि, आफूलाई ठूलो विद्वान सम्झन्छन्, कुनै ठोस काम गर्न नसके पनि आफूलाई वीर ठान्दछन्, आफ्नै महत्वाकांक्षा, वा पद-प्राप्ति वा नाउँ-प्रचारको स्वार्थलाई समाजको भलाइको मापदण्डको रूपमा लिन्छन् । गवाँरहरू विभिन्न रूपमा र विभिन्न भूमिकामा देखापर्ने गर्छन् । कहिले मालिकजस्तो, ठूलो नेताजस्तो, कहिले क्रान्तिकारी योद्धाजस्तो आफ्नो प्रदर्शन पनि गर्छन् भने आफ्नो स्वार्थ पूरा हुने भए मालिकको सामु, सत्ताको सामु, वा ठूलाको सामु लाजै नमानिकन दासजस्तो भएर आफूलाई समर्पण गर्छन् । खास रूपले, दास-भावना गवाँरको चरित्रको एउटा अभिन्न अङ्ग, उसको चेतनाको मूल धार बनेको हुन्छ । निम्न-पुँजीवादी आत्म-सन्तुष्टि, काथरता तथा पदलोलुपता, चापलुसी र पाखण्डीहरूमा रहेको दास-मनोविज्ञानको स्वाभाविक उपजको रूपमा रहेको गवाँरवाद शोषणमा आधारित सामाजिक व्यवस्थाको एउटा अनिवार्य प्रतिफल हो । मार्क्सको निम्ति, गवाँरवाद एक ज्यादै घृणित र हास्यास्पद कुरा थियो र गवाँरहरूप्रति उहाँको घृणा, आलोचना तथा उपहासको दृष्टि रहेको थियो । अङ्ग्रेजी नीतिशास्त्री जेरेमी बेन्थामलाई (१७४८-१८३२) उहाँले 'गवाँरहरूका पिता' को संज्ञा दिनुभयो । १९ औं शताब्दीमा पुँजीवादी विवेकका मूर्ख पुरेत र अहंकारी स्वार्थलाई समाजको भलाइको मापदण्ड ठान्ने गवाँरवादका नमुना समर्थक रहेका बेन्थाम, उहाँको दृष्टिमा, 'पुँजीवादी वाहियातीपनको रूपमा प्रतिभा' थिए । माथि उल्लेखित उहाँको स्वीकारोक्तिमा उहाँलाई असाध्य मननपर्ने व्यक्तिको रूपमा मार्टिन तुपरको नाउँ उल्लेख भएको छ, र सो व्यक्ति, मार्क्सको दृष्टिमा, गवाँरको अति नीच रुचि मुताबिकको सस्तो सफलताका प्रतीक, साहित्यिक गवाँरवादका प्रतीक रहेका थिए । उहाँले लेख्नुभयो : 'कविहरूको माझमा मार्टिन तुपरको जुन स्थान छ, त्यस्तै स्थान दार्शनिकहरूको माझमा बेन्थामको रहेको छ ।'

गवाँरको आत्म-सन्तुष्टिप्रतिको घृणा र उपहासपूर्ण दृष्टि मार्क्समा युवावस्थादेखि नै रहेको थियो, र त्यो उहाँको चरित्रको एउटा खास विशेषता थियो । विज्ञान र राजनीतिको क्षेत्रमा गवाँरहरू देखापर्नु कुनै आकस्मिक कुरा नभएर स्वाभाविक रहेको तथ्यलाई उहाँले पहिले नै औंल्याउनुभएको थियो । उहाँको दृष्टिमा, जसरी प्रत्येक क्रान्तिले ठूल-ठूला वीरहरूका साथै कतिपय नालायक, बेकम्मा तत्वहरूलाई, कुनै रूपमा आफ्नो स्वार्थलाई अघि बढाउन खोज्ने तत्वहरूलाई प्रकाशमा ल्याउँछ र जसरी समुद्रमा उठ्ने आँधीपछि त्यसको तल्लो भागमा हिलो जम्ने गर्छ, त्यसरी नै प्रत्येक महानताको विकासले तुच्छहरूलाई पनि सतहमा ल्याउने गर्छ । वास्तवमा गवाँरहरू त्यस्ता नालायकहरू हुन् जो क्षुद्रता र नीचतामा आफूलाई हुर्काउने गर्छन् र जो फोहर हिलोमा रमाउने गर्छन् । युवावस्थामा नै मार्क्सले बडो चहकिलो विद्वताका साथ लेख्नुभएको थियो '........ प्रत्येक भीमकाय व्यक्तिले, र त्यस्तै बीस लाइनको प्रत्येक अध्यायले एउटा बाउन्नेको पूर्वानुमान गर्छस प्रत्येक प्रतिभाले संकीर्ण विचारका गवाँरको र समुद्रमा उठ्ने प्रत्येक आँधीले हिलोको पूर्व-अनुमान गर्छ, र पहिलो बिलाउने बितिकै पछिल्लो शुरु हुन्छ र त्यो हठ्ठीपूर्वक आफ्ना लामा खुट्टाहरू पसारेर टेबुलनिर बस्दछ ।' प्रत्येक महानको आफ्नो विपरित हुने, त्यसलाई सो विपरितले फाल्ने कुराको जिकर गर्दै उहाँले वीर सिजारलाई नाटकमा खेल्ने अक्टाभियानसले, सम्राट नेपोलियनलाई पुँजीवादी राजा लुई फिलिपले, दार्शनिक कान्टलाई कार्पेट-नाइट क्रुगले, कवि स्किलरलाई होफ्राट रौपाचले र लीब्नेच्टको स्वर्गलाई ओल्फको कक्षा-कोठाले पछ्याएको कुरा उल्लेख गर्नुभयो । एकातिर मार्क्समा गवाँरवादप्रति, पाखण्डीपनप्रति ठूलो घृणा थियो भने अर्कोतिर उहाँमा विनाभेदभाव सारा कुराको विरोध गर्ने, विनासन्दर्भ क्रान्तिको ठूल-ठूला कुरा गर्ने, कुनै सकारात्मक कार्यक्रम प्रस्तुत गर्ननसक्ने र पूरै नकारात्मकताको प्रदर्शन गर्ने प्रवृत्तिप्रति कुनै सहानुभूति थिएन । आफ्नो युवावस्थामा उहाँले त्यस्ता 'बर्लिन बकम्फुसेहरू'प्रति रोष प्रकट गर्ने गर्नुहुन्थ्यो जो आफूलाई सच्चा क्रान्तिकारी र मानवजातिको मुक्तिदाताको रूपमा बडो घमण्ड र फाँइफुट्टी गर्दै हिंड्ने गर्दथे । त्यसताका उहाँले राइनिश जाइटुङ्लाई निर्लज्ज आत्म-विज्ञापन र आत्म-प्रशंसापत्रमा फेर्ने उक्त जमातको प्रयासको विरोध गर्नुभएको थियो र त्यससित आफूले गरेको मागबारे १८४२ नवेम्बरमा रुजलाई लेखेको पत्रमा भन्नुभएको थियो : "मैले उनीहरूबाट कम अस्पष्ट तार्किकता, कम तडकभडकपूर्ण वाक्यांशहरू र कम आत्म-सन्तुष्ट आत्म-प्रशंसा, र बढी निश्चितता, वास्तविक स्थितिप्रति बढी ध्यान, बढी दक्ष ज्ञानको माग गरैं । मैले के भने भने म अमहत्वपूर्ण नाटकीय आलोचनाहरू, आदिमा कम्युनिष्ट तथा समाजवादी सिद्धान्तहरूलाई र, त्यसैले, नयाँ विश्व-दृष्टिकोणलाई घुसाउनु अनुचित, साँच्चैको अनुचित समेत ठान्दछु, र यदि साम्यवादबारे छलफल नै गर्नु छ भने म त्यसबारे बिलकूल भिन्नै र बढी पूर्ण छलफलको माग गर्दछु ।" (कार्लमार्क्स : व्यक्तित्व र कृतित्वबाट)

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# जनजाति महासंघको राष्ट्रिय सम्मेलन २१, २२ र २३ बैशाखमा



काठमाडौं । अखिल नेपाल आदिवासी जनजाति महासंघको केन्द्रीय सचिवालयको विस्तारित बैठकले महासंघको राष्ट्रिय सम्मेलन २०७६ साल बैशाख २१, २२ र २३ गते पोखरामा गर्ने निर्णय गरेको छ। राष्ट्रिय सम्मेलन सम्पन्न गर्न प्रचार-प्रसारको व्यवस्थापन उपाध्यक्ष पवनमान श्रेष्ठको संयोजकत्वमा केन्द्रीय सदस्य गोर्की श्रेष्ठ र प्रेम तामाङ रहेको प्रचार समिति गठन गरिएको छ। त्यस्तै मञ्च, हल र मेस व्यवस्थापनको लागि नील बहादुर पुनको नेतृत्वमा व्यवस्थापन समिति बनाइएको छ। काठमाण्डौंमा के.स. भरत बुर्जाको संयोजकत्वमा सुरेस तामाङ र खगेन्द्र छन्त्याल भएको र पोखराको लागि अध्यक्ष कमल चौधरीको संयोजकत्वमा नील बहादु पुन, गंगादेवी राई र भीम श्रीस सदस्य रहेको आर्थिक समिति बनाइएको छ।

राष्ट्रिय सम्मेलनमा प्रतिनिधित्वको लागि प्रत्येक एकल जातीय संगठनका केन्द्रीय स्तरको समितिबाट एक तिहाई सदस्यलाई प्रतिनिधि र ५ जनासम्म प्रयवेक्षक हुने निर्णय भएको छ। पार्टी सम्पर्कमा रहेका तर संगठन नभएका आदिवासी जनजातिहरूबाट १ प्रतिनिधि पठाउन सकिने छ। महिला प्रतिनिधिलाई प्राथमिकतामा राखी समावेशी बनाउने निर्णय गरिएको छ।

## देजमो ५ नं. प्रदेशको आयोजनामा सर्वदलीय छलफल

बुटवल। देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपाल प्रदेश ५ को आयोजनामा शुक्रवार बुटवलमा सर्वदलीय छलफल भएको छ। नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देजमोले सर्वदलीय बैठक आव्हान गरेको हो।

स्वतन्त्र मधेस गठबन्धनका संयोजक सिके राउटसंग सरकारले गरेको सम्झौता र नेत्रविक्रम चन्द(विप्लब) नेतृत्वको नेकपामाथि सरकारले लगाएको प्रतिबन्धका विषयमा छलफल गर्न सबैदलीय बैठक बसेको हो।

सरकारले राउतसंग गरेको सम्झौता राष्ट्रघाती कदम भएको र नेकपामाथि लगाइएको प्रतिबन्ध हतार र अपरिपक्क भएको निस्कर्ष

निकालिएको छ। यसप्रकारको सर्बदलीय बैठक फेरि बस्ने सहमति भएको नेकपा क्रान्तिकारी माओवादीका पोलिटव्यूरो सदस्य प्रेमनाथ सुवेदीले जानकारी दिनुभयो।

देजमो प्रदेश ५ का संयोजक केबी गुरुङको अध्यक्षतामा भएको सर्वदलीय बैठकमा नेकपा (नेकपा) नेता निर्मल जीसी, राष्ट्रिय जनमुक्ति पार्टी

प्रदेश ५,लुम्बिनी-थरुहट-मगरांतका अध्यक्ष झमबहादुर गुरुङ, नयां शक्ति पार्टीका यज्ञ पोखेल, संघीय समाजवादी फोरमका उमेश यादव, राप्रपाका रूपसिंह थापाको सहभागिता रहेको थियो।

नेकपा क्रान्तिकारी माओवादीले राउतसंगको सम्झौतालाई राष्ट्रिघाती र नेकपामाथिको प्रतिबन्धलाई फासिवादी कदम भन्दैं फिर्ता लिन माग गरेको छ।

## काठमाडौंको गोकर्णेश्वरमा देजमोको जनसुनुवाइ कार्यक्रम सम्पन्न

काठमाडौं। देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल काठमाडौं जिल्लाको आयोजनामा मंगलबार गोकर्णेश्वरमा नागरिक/जनसुवाइ कार्यक्रम सप्पन्न भएको छ। जनप्रतिनिधिहरूलाई स्थानीय जनताका समस्याहरूसँग प्रत्यक्षरूपमा साक्षात्कार गराउने र समस्याहरू समाधानका लागि दबाब सिर्जना गर्ने उद्देश्यले मोर्चाले जनसुनुवाइ कार्यक्रमको आयोजना गर्दै आएको छ।

मंगलबार गोकर्णेश्वरमा आयोजित जनसुनुवाइ कार्यक्रममा वक्ताहरूले स्थानीय जनताले उठाएका समस्याहरूको समाधानका निम्ति ठोस कदम चाल्ने बताएका थिए। नेकपा (क्रान्तिकारी माओवादी)का केस तथा काठमाडौं जिल्ला इन्चार्ज सुरेश श्रेष्ठको प्रमुख उपस्थितिमा सम्पन्न कार्यक्रममा नेता श्रेष्ठले स्थानीय जनसमुदायका समस्याहरू लगायत राष्ट्रियता, जनतन्त्र र जनजीवीका समस्या समाधान गर्न आफ्नो पार्टी दृढतापूर्वक संघर्षरत रहेको र रहने प्रतिबद्धता जनाए।

मोर्चाका काठमाडौं जिल्ला कोषाध्यक्ष ढोग प्रसाद अधिकारीको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन शेखर आचार्यले गरेका थिए। शिवहरी नेपालले स्वागत गरेको कार्यक्रममा गोकर्णेश्वर नगरपालिकाका जनप्रतिनिधिहरूका साथै प्रदेश सभा सदस्य समेत सहभागी रहेका थिए।

बिनामुआब्जा अधिकार सम्पन्न बागमती सुधार आयोजनाले अधिग्रहण गरेको जमिनका बिषयमा व्यापक बिरोधका आवाज उठिरहेको र सरकारले स्थानीय किसानहरूको समस्या समाधान नगरी बिकासको नाममा आतंक मच्चाउन कोशिस गरिरहेको भन्दै स्थानीय जनताले सरकारको चर्को विरोध गरेका थिए।

## देजमो धादिङको भेला सम्पन्न

धादिङबेसी। देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल धादिङको जिल्ला भेला भव्य रूपमा सम्पन्न भएको छ। भेलाले रामकुमार शाहको अध्यक्षतामा १५ सदस्यीय जिल्ला समिति चयन गरेको छ। निर्वाचित उपाध्यक्षमा लक्ष्मी शाह, सचिवमा कृष्णकुमार श्रेष्ठ तथा सदस्यहरूमा गोपाल रिजाल, श्याम लामा, रामलाल श्रेष्ठ, गोविन्द परियार, राजकुमार चेपाङ, लिलामणि न्यौपाने, ज्ञानबहादुर घले रहेका छन्।

भेलामा देजमो केन्द्रीय सदस्य शिव श्रेष्ठ र धादिङ जिल्लाका जिल्ला सेक्रेटरी अमृत अधिकारीको अतिथिका रूपमा उपस्थिति रहेको थियो।

## देजमो सिन्धुपाल्चोकको भेला सम्पन्न

सिन्धुपाल्चोक। देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल सिन्धुपाल्चोकको जिल्ला भेला भव्य रूपमा सम्पन्न भएको छ। देजमो नेपालको चैत्र २४ मा हुन गइरहेको राष्ट्रिय सम्मेलनलाई लक्षित गरेर देशभरका देजमोका प्रदेश तथा जिल्लाहरूमा भेला तथा सम्मेलनहरू सम्पन्न हुँदै गर्दा सिन्धुपाल्चोक जिल्लाको यो भेला सम्पन्न हुन गएको हो।

भेलाले तिलक श्रेष्ठको अध्यक्षतामा १७ सदस्यीय जिल्ला समिति चयन गरेको छ। निर्वाचित उपाध्यक्षमा राजु थापा, सचिवमा धनबहादुर तामाङ, सहसचिवमा कमला श्रेष्ठ, कोषाध्यक्षमा देवबहादुर खत्री तथा सदस्यहरूमा सोमबहादुर गोले, खड्कबहादुर थापा, सूर्यबहादुर तामाङ, गीता तामाङ, तानबहादुर श्रेष्ठ, सञ्जय तामाङ, निलबहादुर खत्री, होमकुमारी योञ्जन रहेका छन्।

भेलामा देजमो केन्द्रीय सदस्य शिव श्रेष्ठ र सिन्धुपाल्चोकका इञ्चार्ज फुर्नाम्गेल मोक्तानको अतिथिका रूपमा सहभागिता रहेको थियो।

## किसान नेता थापा पक्राउ



नेपालगञ्ज। देशभक्तजनगणतान्त्रिक मोर्चा, नेपालको ५ नं. प्रदेशको सम्मेलनको तयारीमा जुटिरहेको बेला अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का केन्द्रीय सदस्य प्रेम थापा (बाँके)लाई ओली सरकारका प्रहरी प्रशासनले विनाकारण पक्राउ गरेको भन्दै मोर्चाले ओली सरकारको यो कदमलाई फासिवादी कदम भन्दै घोर भर्त्सना गरेको छ र पक्राउ परेका थापाको अविलम्ब रिहाईको माग गरेको छ।

मोर्चाका बाँके अध्यक्ष सुरेश ओलीले शुक्रबारै एक वक्तव्य जारी गर्दै जनताको राजनीतिक, सामाजिक तथा आर्थिक गतिविधिमा प्रतिबन्ध लगाई ओली सरकारले सामाजिक फासिवादी चरित्र प्रदर्शन गरेको उल्लेख गरेका छन्। र, गिरफ्तार थापालाई अविलम्ब रिहाईको लागि जोडदार माग गरेका छन्। मोर्चाको सम्मेलनको तयारीमा रहेका नेता कार्यकर्तामाथिको धरपकड र गिरफ्तारी जारी राखिए सशक्त प्रतिरोध गर्ने पनि ओलीले चेतावानी दिएका छन्।

यसैबीच, चौतर्फी रूपमा दबाब बढेपछि थापालाई रिहा गरिएको छ।

## मजदुरविरोधी ऐनकानुन खारेज गर्न माग

काठमाडौं। क्रान्तिकारी पर्यटन मजदुर संघ नेपालले मजदुर विरोधी गतिविधि तथा ऐन कानुन अविलम्ब खारेज गर्न माग गरेको छ। संघका अध्यक्ष देवी गौली र महासविच बालकुमार सुनुवारले एक वक्तव्य जारी गरी यस्तो माग गरेका हुन्।

पर्यटन व्यवसायीहरूले पर्यटन मजदुरहरूको कुनै पनि सामाजिक सुरक्षाको सुनिश्चित नभएकोले उनीहरूको भिवष्य अन्यौलमा पारिएको उल्लेख गर्दै वक्तव्यमा श्रमिकले पाउने कुनै पनि श्रम अधिकार नदिइरहेको स्थितिमा फेरि नेपाल सरकारको वन मन्त्रालय अन्तर्गतको सगरमाथा राष्ट्रिय निकुञ्जले पर्यटन पथप्रदर्शकबाट रु.१५००।- असुल्न थालेर मजदुरहरूलाई आतंकित पारिएको कार्यको घोर भर्त्सना एवम् कडा शब्दमा निन्दा गरिएको छ। र, यस्तो मजदुर विरोधी गतिविधि तत्कल बन्द गर्न सम्बन्धित पक्षसँग अनुरोध समेत गरिएको छ।

## अखिल (क्रान्तिकारी)को ५ नं. प्रदेशको संयोजकमा महेश श्रेष्ठ निर्वाचित

बुटवल। नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को भातृ संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विध्यार्थी यूनियन (क्रान्तिकारी)को ५ नं. प्रदेशको भेला शुक्रबार सम्पन्न भएको छ। भेलाले विध्यार्थी नेता महेश श्रेष्ठलाई प्रदेश संयोजकमा निवा्र्चित गरेको छ। क्रान्तिकारी माओवादीको प्रदेश कार्यालय बुटवलमा सम्पन्न भेलाले नेता श्रेष्ठको संयोजकत्वमा १९ सदस्सीय प्रदेश कमिटि निवा्र्चित गरेको हो। उक्त कमिटिका अन्य सदस्यहरूमा दिलबहादुर चुदार, संग्राम भ्यु थापा, सुशिला कडायत, पवित्रा उप्रेती, रमेश पाण्डे, रामचन्द्र लामिछाने, ध्रुव तरामु, खगेन्द्र चौलागाई, भोजबहादुर बराल, जनक सुनुवार, बबरजंग शाही लगायत रहेका छन्।



संगठनका केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भेलामा पार्टीका केस तथा विध्यार्थी प्रदेश फ्र्याक्सन इन्चार्ज निरजकुमार केसी, पार्टीका केस तथा रूपन्देही-नवलपरासी इन्चार्ज पिताम्बर आचार्य लागयतका नेताहरूको विशेष आतिथ्यता रहेको थियो। नेताहरूले भेलालाई सम्बोधन गर्दै विध्यार्थी आन्दोलनलाई विचार, राजनीति, संगठन र संघर्षका हिसाबले सडक बाघको रूपमा स्थापित गर्दै शिक्षामा भएको निजीकरण, व्यापारीकरण तथा माफियाकरणका विरुद्ध सशक्त रूपमा अगाडि बढाउनु पर्नेमा जोड दिएका छन्। पछिल्लो चरणमा अखिल (क्रान्तिकारी)मा विध्यार्थीहरू संगठित हुने लहर बढेर गएको छ।

## प्रतिबन्ध फिर्ताको माग गर्दैं विद्यार्थी नेता कार्यकर्ता धरपकडको विरोध



काठमाडौं। वर्तमान ओली सरसकारले विप्लवद्वारा नेतृत्व गरिएको नेकपामाथि लगाइएको प्रतिबन्धप्रति नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)ले घोर निन्दा एवम् भर्त्सना गरेको छ। उक्त कुरा अखिल (क्रान्तिकारी)का केन्द्रीय अध्यक्ष हरि कृष्ण गजुरेलद्वारा प्रेसित विज्ञप्तिमा जनाइएको छ। देशमा उत्पन्न समस्याहरूको समाधानतिर भन्दा पनि देशलाई गृहयुद्धतिर धकेल्न उद्धत रहेको ओली सरकारले विप्लव माओवादीलाई लड्नका लागि बलात् फौजी दबाब सिर्जना गरिरहेका बखत अखिल क्रान्तिकारीले आफ्नो कुरा आधिकारिक रूपमा अघि बढाएको हो।

वक्तव्यमा सरकारले विप्लव नेतृत्वको नेकपाका क्रियाकलापहरूलाई आपराधिक ठहर गर्दै राजनीतिक गतिविधि सञ्चालन गर्न समेत प्रतिबन्ध लगाएकोप्रति भर्त्सना गरिएको छ।

विज्ञप्तिमा थप भनिएको छ- "यस निर्णयले सरकार फासीवादी ढङ्गले अघि बढेको समेत प्रष्ट हुन्छ। साथै, उक्त विद्यार्थी संगठनका नेता तथा कार्यकर्ताहरूलाई धरपकडसहित गिरफ्तार गरिएकोप्रति आपत्तिसमेत प्रकट गर्दछौं। र, सरकारका त्यस्ता गतिविधिहरूलाई तत्काल बन्द गर्न अपील गर्दछौं। उक्त विद्यार्थी संगठनका गिरफ्तार गरिएका नेता तथा कार्यकर्ताहरूलाई अविलम्ब रिहा गर्नसमेत जोडदार माग गर्दछौं भने निर्वाध रूपमा आफ्ना राजनीतिक गतिविधिहरूलाई सञ्चालन गर्ने वातावरणसमेत सुनिश्चित गर्न जोडदार माग गर्दछौं।"

यसैबीच, अखिल (क्रान्तिकारी) लगायत सत्ता इतरका विध्यार्थी संगठनहरूले पनि संयुक्त रूपमा विप्लव नेकपामाथि लगाइएको प्रतिबन्ध खारेजीको लागि संयुक्त रूपमा जोडदार माग गरेका छन्।

# सीमा पर्खाल ठड्याउन राष्ट्रपति ट्रम्पद्वारा भिटो प्रयोग



वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तिम अस्त्र भिटो प्रयोग गरेका छन् । मेक्सिको सिमानामा सीमा पर्खाल निर्माणका लागि मानवीय सङ्कटकाल लगाएर भएपनि पर्खाल निर्माण गरिछाड्ने ट्रम्पको प्रस्ताव अमेरिकी कंग्रेसले बहुमतका साथ अस्वीकृत गरेसँगै कंग्रेस निर्णयविरुद्ध ट्रम्पले विशेषाधिकार (भिटो) प्रयोग गरेका छन् ।

यो भिटो राष्ट्रपति ट्रम्पको कार्यकालमा उनले प्रयोग गरेको पटक हो । सन् २०१६ को राष्ट्रपति निर्वाचनमा ट्रम्पले मेक्सिकोको पर्खाल निर्माण आफ्नो चुनावी नारा नै बनाएका थिए । उनको उद्देश्य आप्रवासी नियन्त्रण र लागूऔषधको तस्करी रोक्नु रहेको कुरामा जोड दिएका थिए । यसका लागि उनी आज पनि उत्तिकै प्रतिबद्ध रहेको बताइरहेका छन् । उनी मेक्सिको सीमामा पर्खाल निर्माण गरिछाड्ने कुरामा लागिपरिरहेका छन् । तर राष्ट्रपति ट्रम्पले यो पर्खाल निर्माणका लागि आवश्यक बजेट भने अमेरिकी संसदबाट अझै पनि अनुमोदन गराउन सकिरहेका छैनन् ।

अमेरिकी राष्ट्रपति ट्रम्पको कार्यकाल अब अन्तिमतिर धकेलिएको छ । अबको १८ महिनापछि चुनाव हुँदै छ । तर चुनावताका उठाएको पहिलो मुद्दामा नै उनी असफल हुँदै जाँदा उनी अर्को कार्यकालका लागि उम्मेदवार हुन योग्य छन् वा छैनन् भन्ने कुरा नैतिक प्रश्नका रूपमा उठिरहेको छ ।

गत वर्ष सन् २०१८को अमेरिकी संसदको मध्यावधि चुनावमा ट्रम्पको दल रिपब्लिकन दल पराजित हुन पुगेको थियो । अहिले अमेरिकी तल्लो सदनमा विपक्षी डेमोक्र्याट पार्टीको बहुमत छ, तर माथिल्लो सदन सिनेटमा भने रिपब्लिकनको झिनो बहुमत छ ।

यहीबीच मेक्सिको सीमामा सङ्कटकाल घोषणा गर्ने राष्ट्रपतिको विपक्षमा डेमोक्र्याटका साथै केही रिपब्लिकन सिनेटरले पनि समर्थन जनाएपछि राष्ट्रपति ट्रम्प बिलखबन्दमा परेका थिए । ट्रम्पले भनेका थिए 'कंग्रेसले यो प्रस्तावको विपक्षमा मतदान गर्न सक्लान्, तर भिटो प्रयोग गर्न पाउने मेरो पनि अधिकार छ ।'

भिटो अबका लागि उनको अन्तिम अस्त्र बनेको छ । यसको प्रयोग सीमामा पर्खाल निर्माण नभएसम्मका लागि गरिरहने प्रयास गर्ने उनको दाबी पनि रहेको छ । भिटोमा हस्ताक्षर गर्ने समारोहमा राष्ट्रपति कार्यालय ह्वाइट हाउसमा उनका समर्थकहरू, कानुन कार्यान्वयन अधिकारीहरू र सीमाबाट अवैध रूपमा अमेरिका प्रवेश गर्नेहरूबाट मारिएका व्यक्तिका छोराछोरी पनि सहभागी थिए ।

भिटो अर्थात् आपतकालीन आदेश जारी गरी प्रतिरक्षा खर्चका लागि विनियोजित अर्बौं डलर संघीय बजेटलाई सीमामा पर्खाल निर्माणमा खर्च गर्न चाहेका छन् । तथापि भिटोविरुद्ध विपक्षी डेमोक्र्याटबाट कानुनी चुनौती खडा हुनसक्ने संभावनालाई नजरअन्दाज भने गर्न मिल्दैन । राष्ट्रपतिले प्रयोग गरेको भिटो असंवैधानिक रहेको भनेर विपक्षीहरूले दाबी गर्दै आइरहेका छन् ।

काम रोक्नु मात्र परे पनि अदालतमा उजुरी दिएपछि त्यसका बारेमा महिनौ कुर्नु पर्छ । अमेरिकी संघीय अदालत यस्ता उजूरीलाई अन्तिम किनारा लगाउन महिनौं लगाउने गरेका छन् । अदालतमा उजूरी गर्ने अमेरिकी नागरिक स्वतन्त्रता युनियन (एसीएलयू) ले राष्ट्रपतिले जारी गरेको भिटो अर्थहीन रहेको बताइसकेको छ ।

अमेरिकी कंग्रेसले अस्वीकृत गरेको राष्ट्रपतिको घोषणालाई अदालतले कानुनी रूपमा व्याख्या गर्न र कार्यान्वयनका लागि बाटो खुलाउन निकै सकस देखिन्छ । धेरैले त ट्रम्पलाई अदालतमा भेट गर्ने भनेर निम्तो पनि दिइसकेका छन् ।

अमेरिकी संसद सभामुख न्यान्सी पेलोसीले ट्रम्पको यो हर्कत सत्ता हत्याउने खेल भएको भनी सार्वजनिक टिप्पणी गरेकी छन् । उनको यो कार्यलाई रोक्न सत्तापक्ष तथा विपक्षी सबैले चाहेको खुलासा गर्दै ट्रम्पको प्रयास संविधान र जनमत विपरीत भएको समेत स्पष्ट पारेकी थिइन् ।

अमेरिकी राष्ट्रपति ट्रम्पले सीमामा पर्खाल निर्माण सुरु गर्न तत्काल ५ अर्ब ७० करोड डलर बजेट माग गरेका छन् । तर यसमा सहमति नहुँदा करीब ३५ दिन अमेरिकी संघीय कार्यालयहरू आंशिक बन्द भएका थिए भने आठ लाखभन्दा बढी कर्मचारीले तलब पाएका थिएनन् ।

## किन भइरहन्छ मस्जिद आक्रमण



काठमाडौं । न्यूजिल्यान्डको क्राइस्टचर्चमा शुक्रवार ४९ जनाको हत्या भएको मस्जिद आक्रमणका मुख्य आरोपीलाई शनिवार अदालतमा उपस्थित गराइसँगै एउटा प्रश्न उठिरहेको छ- किन भइरहन्छ मस्जिदमाथि निन्तर आक्रमण ? यो प्रश्नको जवाफ नआउने कुरासँगै अष्ट्रेलियन नागरिक २८ वर्षीय ब्रेन्टन टारेन्टलाई प्रहरीले बन्दीले लगाउने लुगा र हत्कडीमा एउटा हत्याको अभियोगमा अदालत ल्याएको हो ।

अल नूर मस्जिदमा शुक्रवारे साप्ताहिक प्रार्थनाको समयसँगै दिउँसो १:४० मा एकजना बन्दुकधारीले मूलढोकामा गाडी रोकेर भित्र छिर्दै प्रार्थना गरिरहेकाहरूमाथि पाँच मिनेट आन्धाधुन्ध बन्दुक चलाउँदा ४९ जनाको मृत्यु भएको थियो ।

उक्त आक्रमणमा ४८ जना घाइते भएका छन् । घाइतेमध्ये दुई वर्षीय र १३ वर्षीय बालक पनि रहेका छन् । उनीहरू सबैको क्राइस्टचर्च अस्पतालमा उपचार भइरहेको ११ जनाको अवस्था गम्भीर रहेको अस्पतालका शल्यक्रिया प्रमुखले बताएका छन् ।

न्यूजिल्यान्डले अब बन्दुकसम्बन्धी देशको कानूनी मान्यता परिवर्तन गर्ने बताइएको छ । घटनामा बांगलादेश, भारत र इन्डोनेशिया लगायतका नागरिक परेका बताइएको भएपनि उनीहरूको नाम सार्वजनिक गरिएको छैन ।

## वैश्विक नेतृत्वमा चीनको अग्रता



व्यापार युद्धको तनावमा रहेका बेला विश्वमा अहिले वैश्विक नेतृत्व कसको हातमा छ एक अध्ययन मार्फत् खोजी गरिएको छ । खोजी अनुसार सन् २०१८ मा चीनको ग्लोबल लिडरशीप अमेरिकाको भन्दा बढी लोकप्रिय रहेको छ । खोज प्रतिवेदनमा अमेरिकाको तुलनामा चीनको नेतृत्व बढी स्वीकार गरिएको छ ।

अमेरिकी जनमत सर्भेक्षण सञ्चालक, द ग्यालप अर्गनाइजेसनले बिहीबार जारी गरेको एक प्रतिवेदनमा चीनको औसत अनुमोदन मूल्याङ्कन (मिडियन एप्रोभल रेटिङ) ३४ प्रतिशत पुगेको जनाइएको छ । यो तथ्याङ्क पछिल्लो दशकमा सबैभन्दा उच्च बिन्दुमा पुगेको रिपोर्टमा उल्लेख गरिएको छ ।

'ग्यालप्स रेटिङ वल्ड लिडर्स २०१९' नाम दिइएको उक्त अध्ययनले अमेरिका, चीन, जर्मनी, रूसलगायत एक सय तीस वटा मुलुकलाई सर्वेक्षणमा समावेश गरेको थियो ।

रिपोर्ट अनुसार चिनियाँ नेतृत्व क्षमताको औसत अनुमोदन मूल्याङ्कनमा ३४ प्रतिशत, रुसको ३० प्रतिशत जर्मनीको सबैभन्दा अगाडि ३९ प्रतिशत र अमेरिकाको स्थान झर्दै ३१ प्रतिशत रहेको देखिएको छ ।

तुलनात्मक रूपमा अध्ययन गर्दा सन् २०१७ मा अमेरिका र चीन झण्डैझण्डै बराबरी स्थानमा थिए । तर पछिल्लो तथ्याङ्कमा चीनले अमेरिकालाई उछिनेको छ । चीनले छिमेकी देश पाकिस्तानबाट सबैभन्दा धेरै ७३ प्रतिशत स्वीकृति पाएको छ भने अफ्रिकी देशहरूबाट ५३ प्रतिशत पाएको छ ।

## इन्डोनेशियामा बाढीले निम्त्याएको विपद्



काठमाडौं । इन्डोनेसियामा शनिबार राती आएको बाढीले निकै ठूलो विपद् निम्त्याएको छ । बाढी पहिरोमा परी कम्तीमा ६३ जनाको मृत्यु भएको अहिलेसम्मको तथ्यांकले बताएको छ ।

बाढीपहिरोको घटनामा परी अरु कैयौँ बेपत्ता भएको बताइएको छ । बेपत्ताको खोजी कार्य जारी रहे पनि खोजी कार्य निकै कठिनाइपूर्ण रहेको बताइएको छ । जानकारीमा आएअनुसार मृत्यु हुनेहरूको संख्या अझ बढ्न सक्ने अनुमान गरिएको छ । इण्डोनेसियाको पपुआ प्रान्तमा पर्ने जयपुरा जिल्लामा घटना सबैभन्दा बढी तहसनहस् भएको छ । उक्त जिल्लामा अहिले मानवीय उद्दार टोली खटिरहेको छ ।

अत्यधिक वर्षाका कारण देशभर क्षति भएको त्यहाँका सञ्चारमाध्यमहरूले जनाइरहेका छन् । यस्ता प्राकृतिक प्रकोपका घटनाहरू इन्डोनेशियामा सामान्य जस्तै हुने गरे पनि यो पटकको बबढी बिनासकारी साबित भएको छ । हालसम्मको विवरण अनुसार प्रकोपमा परी २१ जना गम्भीर घाइते भएका छन् भने अरु १८ जना सामान्य घाइते भएका देखिएको छ ।

खोजी भइरहेका दर्जनौ व्यक्तिहरूको स्थिति अझैं अज्ञात रहेकाले त्यहाँका स्थानीय जनतामा निकै चिन्ता छाएको छ । खोजी कार्यमा तीव्रता नरहेको पनि स्थानीयहरूको गुनासो रहने गरेको छ । कैयौं वस्तीहरूमा त्यहाँका जनताको स्थिति के कस्तो छ भन्ने पनि खबर समयमा नपाएकाले खोजी कार्यमा ढिलाइ हुन गएको त्यहाँका अधिकारीहरूले बताएका छन् ।

बाढी रातको समयमा आएको र यसको प्रभावका बारेमा पूर्वानुमान पनि नभएकाले धेरै क्षति निम्तिएको हो । बाढीबाट प्रभावित भएकाहरूमध्ये तीन हजार जनालाई समयमा नै सुरक्षित स्थानमा स्थानान्तरण गरिएको पनि सरकारी अधिकारीहरूले बताइरहेका छन् ।

रातमा आएको बाढीले घर, पुल, सडकलगायतका भौतिक संरचना तथा पर्वाधारहरूमाथि निकै क्षति पुर्‍याएका छन् ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# मेची–महाकाली जनजागरण अभियान : अनुभूति र समीक्षा





● धनेश्वर पोखरेल

गत मंसिरमा सम्पन्न क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको निर्णयअनुसार देशभक्त जनगणतान्त्रिक मोर्च नेपालको आयोजनामा पूर्व झापाको काकडभित्ता र पश्चिम कन्चनपुरको गड्डा चौकी, काठमाडौंको शान्तिबाटिका र कास्कीको पोखराबाट एकै साथ फागुन ७ गते उद्घाटन गरी यही फागुन २१ गते समापन गरिएको मेचीमहाकाली जनजागरण अभियानको पहिलो चरणको कार्यक्रम भर्खरै समापन भएको छ । उक्त कार्यक्रमको समापन चितवनको चौबीस कोटीमा भव्यताका साथ उल्लास र उत्साहमय वातावरणमा सम्पन्न भएको छ । यो अभियानले जनतामा छुट्टै प्रकारको उत्सुकता र उत्साह जगाइदिएको छ । त्यसका साथै यसले वर्तमानको कथित लोकतान्त्रिक गणतन्त्रको पर्दा उघार्दै संसदीय व्यवस्थाको विकल्पमा संघीय जनगणात्मक अर्थात् नयाँ जनवादी व्यवस्थाको आवश्यकतालाई जबर्जस्त उभ्याइदिएको छ । त्यति मात्र होइन, यो अभियानले संसदीय व्यवस्था भनेको अग्रजहरूले भनेझैं ढोंगी पाखण्डी, ठग र लुटेराहरूको व्यवस्था हो, यो व्यवस्था भनेको दलाल, भ्रष्टचारी, कमिससनखोर र माफियाहरूको व्यवस्था हो र यहाँ राष्ट्रघात र जनघातका घटनाहरू श्रृखलाबद्ध रूपमा घटिरहन्छ र घटदै आएका छन् भन्ने कुरा यो अभियानले सबैलाई छर्लङ्ग हुने गरी सबैलाई उजागर गरिदिएको छ ।

नेकपा क्रान्तिकारी माओवादी अर्थात् देजमो नेपालले दुईतिहाई कथित कम्युनिष्टको सरकार भएको वर्तमान परिपेक्षमा त्यसविरुद्ध किन यो अभियान सञ्चालन गर्नुपर्‍यो ? त्यसका लक्ष उदेश्यहरू के के हुन् ? यसले उठाउन खोजेका एजण्डाहरू के क हुन् ? यसबारे सबैको ध्यान आकृष्ट हुन जरुरी छ । के क्रान्तिकारी माओवादी र यसको संघर्षको मोर्चा देजमोले वर्तमान ओली अर्थात् डबल नेकपाप्रति पूर्वाग्रह भएर त्यसको बदनाम गर्नका लागि यो अभियान सञ्चालन गरेको हो त ? अवश्य होइन । वर्तमान ओली सरकारप्रति न त व्यक्तिगत रूपमा न त फरक विचार भएको पार्टीगत रूपमा कसैको लिनुदिनु छैन । त्योसँग पूर्वग्रह राख्नुपर्ने कारण पनि कुनै छैन । तर पनि क्रान्तिकारी माओवादी अर्थात् देजमो नेपालले देशको वर्तमान अवस्था र राष्ट्र र जनताले भोग्नुपरेको पीडा र संकटलाई आँखा चिम्लेर बस्न र नतमस्तक भएर हेरिरहन सकेन । मुलुकको जिम्मेवार क्रान्तिकारी पार्टी भएको नाताले त्यसो गर्नु पनि हुदैनथ्यो । त्यसैले यो संकटबाट जनता र राष्ट्रलाई सचेत बनाउने उद्देश्यका साथ व्यवस्थाकै वैकल्पिक शक्तिको रूपमा पार्टी वा मोर्चाले आफ्नो रणनीतिक उदेश्य पूरा गर्न कार्यनीतिक योजना अघि सारेको हो । यो उसको हजार पाइलाअघि बढ्नका लागि सारिएको पहिलो पाइला हो । अर्थात् यसलाई योजनाको पहिलो चरण पनि भन्न सकिन्छ ।

अभियान सञ्चालनको प्रक्रियामा अरु टीमहरू आफ्नो घनिभूत योजनासहित लक्षित गणतव्यातिर अघि बढ्नेमा पूर्वको टीम पशितमतिर अभियान चलाउदै आयो । राजधानी र पोखराको टीम पनि गाउँबस्ती व्यूझाउँदै वर्तमान सरकारले उगरेको राष्ट्रघात, जनघात, हत्या, हिंसा, बलात्कार, भ्रष्टचार आदि आपराधिक गतिविधिको व्यापक भण्डाफोर गर्दै, त्यसका विरुद्ध जनचेतना जगाउँदै बाग्लुङ, म्याग्दी, पर्वत, गोर्खा, लम्जुङ, तनहु, स्याङ्जा, नवलपुरमा हभियान चलाएर जनतालाई सचेत बनाउँदै आफ्नो मुक्ति, हक र अधिकारका खातिर संगठित हुन आह्वान गर्दै अघि बढ्यो । त्यस्तै परि थापाको नेतृत्वमा रहेको पश्चिम कमाण्डको टोली कन्चनपुरको गड्डा चौकीमा अभियानको उद्घाटन गरी आफ्नो कार्यसूचिअनुसार अघि बढ्यो । यही क्रममा उक्त टोलीले महाकाली क्षेत्र अर्थात् गड्डाचौकी नजिकैको नेपाली भूमि भारतीय विस्तारवादले अतिक्रमण गरी गत केही वर्ष अघि आफ्नो कब्जामा लिएको भूमि अवलोकन गर्नुका साथै महाकाली नदीको पानी भारतले एकलौटी रूपमा उपयोग गरेको र नेपाली नहर तथा भूमि बिल्कुल सुख्खा, मरुभूमि जस्तै गराएको दृश्य हामीले देख्यौं । हामीले सीमा स्तम्भ हेर्‍यौं तर देखेनौ । त्यहाँका स्थानीय बासिन्दाका भनाइअनुसार भारतले प्रत्येक वर्ष दस गजा मिच्दै आएको थाहा पायौं । वर्षेनी दिनदहाडै नेपाली भूमि अतिक्रमण हुँदा पनि चुप लागेर बस्दै आएका शासकविरुद्ध मुटुमा आगो बल्यो । तर पनि आफ्नै देशको सरकारविरुद्ध घृणाको थुक थुक्नु बाहेक त्यहाँ हाम्रो विकल्प रहेन । तैपनि हामी त्यसविरुद्ध निरन्तर आवाज उठाउने प्रतिबद्धतासहित अगाडि बढ्यौं ।

हामीले अभियानको दौरानमा अतिक्रमित सीमा अवलोकन गर्नुका साथै राष्ट्रियता, जनतन्त्र, जनजीविकासँग सम्बन्धित थुप्रै विषय वस्तुबारे जनताहरूलाई सुसूचित गर्दै कन्चनपुरको गड्डा् चौकी, झलारी, बेलौरी चोक जहाँ सहिद भीमदत्त पन्तको शालिक ठिंग उभिएको थियो । त्यस्तै पुनरावास न.पा. अन्तर्गत गोविन्द बजारमा हामीले कोणसभा गर्‍यौं । त्यतिमात्र होइन, हामीले पुनर्वास क्षेत्रमा भारतीय विस्तावादले थुप्रै नेपाली भूमि हस्तक्षेप गरेको देख्यौं । भारतीय हस्तक्षेपविरुद्ध लड्दै गर्दा भारतीय एसएसपीको गोलीले मारिनु भएका सहिद गोविन्द पौडेलको रगत बगेको ठाउँ पनि देख्यौं । त्यहाँको दसगजाभित्र भारतीय सेनाले क्याम्प जमाएर बसेको थियो । हाम्रो टीम भारतीय सेनाको क्याम्प नजिक पुग्यो र त्यहाँको वस्तु स्थितिको अध्ययन गर्‍यौ । त्यहाँका स्थानीय जनताको भनाई के थियो भने भारतीय सेनाले नेपालको आधा जमिन अतिक्रमण गरेको छ । करीब ५०० मिटर टाढाको हरियो जमिन देखाउँदै स्थानीय जनता भन्दै थिए 'ऊ त्यो जग्गा हाम्रो हो, तर भारतले हामीलाई खेती गर्न दिएको छैन ।'

गोविन्द बजारवासी जनताको तीब्र आक्रोश नेपालका सरकार र त्यहाँको सत्ताधारीहरूमाथि पनि त्यतिकै बेजोडको थियो । 'दलाल सरकारले हाम्रो रक्षा गरेन, हामी नेपाली भएर बाँच्न नपाउने भयौ' भनेर पीडा व्यक्त गर्दै थिए । हामी त्यहाँको कार्यक्रम सकेर कन्चनपुर, पुनर्वास नपालकै आई.वि आर.डि बजार पुगेर अर्को कोणसभा गर्‍यौं । अन्यत्र झैं त्यहाँ पनि प्रमुख वक्ता परि थापाले सम्बोधन गर्नुभयो । कन्चनपुरमा हामीले ५ स्थानमा कोणसभा तथा जनसभा गर्‍यौं । जहाँ प्रदेश सचिव, जिल्ला सेक्रेटरीसहित अभियान टोलीका कमाण्डरले सम्बोधन गर्नुभयो । त्यस क्रममा वक्ताहरूले वर्तमानको कथित कम्युनिष्ट नामको ओली सरकारले गरेका राष्ट्रघात, जनघात, भ्रष्टचार र अत्या हिंसा र बलात्कारको भण्डाफोर गर्नुका साथै यसका अवरुद्ध संगठित हुन जनतालाई आह्वान समेत गर्नुभएको थियो । वर्तमान सरकारले लिपुलेक, कालापानी, लिम्पियाधुराको ३७२ वर्गको कि.मी जग्गा र अरुण तेस्रो बेचेर विगतका राष्ट्रघाती दलालहरूलाई समेत माफ गरेकाले यो कुनै पनि हालतमा राष्ट्रवादी र कम्युनिष्ट हुन नसक्ने बताउनु भयो ।

साथै, यहाँहरूले निर्मला पन्तको हत्यारालाई पक्रन नसक्ने, निर्मलाका आमाबाबुलाई न्याय दिन नसक्ने लाचार सरकारले समृद्ध नेपाल र सुखी नेपालीको कुरा गर्नु बकबास मात्र भएको कुरा बताउनु भयो । गड्डा चौकीको उद्घाटन कार्यक्रमको अध्यक्ष देजमो ७ प्रदेश संयोजक राम केसीले र दीपक शाहीले सञ्चालन गर्नुभएको कार्यक्रममा अनेरास्ववियूका के. स. राम बहादुर महरा र सीसीएम निमकला पुन, सांस्कृतिक मोर्चाका महासचिव हिरामणि दुःखी , देजमो ५ न. संयोजक केबी गुरुङ, पार्टी स्थानीय समिति सदस्य रामसिंङ र देजमोको सचिव परि थापाले सम्बोधन गर्नुभएको थियो । त्यस्तै जिल्लाका अन्य कार्यक्रमहरूमा परि थापा, राम केसी, बिष्णु परियार, हरि सुवेदीले पालैपालो सम्बोधन गर्नुभएको थियो ।

५ स्थानमा जनसभा, दुई स्थानमा सीमा अवलोन गरी कन्चनपुरको जिल्ला नेतृत्वसहित हाम्रो अभियान टोली फागुन ९ गते कैलाली जिल्लामा प्रवेश गर्‍यौं । कैलाली जिल्ला 'धनगढी, चौराहा' अत्तरिया चोक, घोडाघोडी न.पा., सुख्खड चोकमा कोणसभाको कार्यक्रम सम्पन्न गरी अभियान टीम ९ गते साँझ थापापुर खान पुग्यौं । खाना पश्चात् केही साथीहरू त्यही आराम गर्नुभयो भने केही जोशीपुर पुगेर आराम लियौं ।

१० गते बिहान थापापुरमै खाना खाएर भजनी न.पा. भजनीचोक कोणसभा गरी टीकापुरका लागि प्रस्थान गर्‍यौं । १२ बजे टीकापुर बीचबजारमा कोणसभा सम्पन्न गर्‍यौं । उक्त सभाको सञ्चालन राम केसीले गर्नुभयो भने सम्बोधन बिष्णु परियार, चन्द्रहरि सुवेदी र परि थापाले गर्नुभएको थियो ।

टीकापुरको कार्यक्रम पश्चात् अभियानताको गाडि हुलाकी सडक हुँदै बर्दिया प्रवेश गर्‍यो । करीब दुई बजे पुग्दा बर्दियाको राजापुर बजारमा जिल्ला पार्टीले फुल र अबीरले स्वागत गर्‍यो । हामीले त्यहाँ कोणसभा सम्पन्न गर्‍यौं । क. हिरामणिको सञ्चालन र डिसीएस् क. दिलबहादुर कठायतको स्वागत मनतव्यमा क. परि थापाले सभालाई सम्बोधन गर्नुभएको थियो । कार्यक्रम पश्चात् हाम्रो टीम राजापुर अन्तर्गतको सीमा क्षेत्र शङ्कपुरको सीमा अवलोकन गर्न गयो । त्यहाँ पनि भारतीय विस्तारवादले प्रशस्त सीमा मिचेको, जनताले सीमामा पोलहरू गाड्न खाडल खनेकोमा गुनासो सुन्यौ । हामीसँग नेपाल प्रहरीको सानो टुकडी पनि साथमा थियो । त्यो सीमा अवलोकन पश्चात् हामी भुरिगाउँ बास गयौं । स्थानीय साथीहरू हाम्रो पर्खाइमा थिए । जिल्ला ईन्चार्ज क. शंकुल सहितको टीम हाम्रो व्यवस्थापनमा खटेको थियो । त्यस दिनको थकाई त्यही मार्‍यौं ।

११ गते हामीले भुरिगाउँ, तारा ताल र गुलेरिया कोणसभाहरू गरी बर्दियामा चार स्थानमा कार्यक्रम सम्पन्न गरेर चाणक्यका लागि प्रस्थान गर्‍यौं । हामी बाँके जिल्लाको सिमलघारी पुग्दा साँझको ६ बजिसकेको थियो । कार्यक्रममा आएका स्थानीय जनता आधा फर्किसकेका थिए भने आधा जति जनताका बीचमा जनसभा गर्‍यौं । जिल्ला पार्टीले स्वागत कार्यक्रम राखेको थियो । संगठित जनता क्रान्तिको फलामे किल्ला हो भन्ने माओको भनाइ त्यहाँ चरितार्थ भयो । जनताहरू अभियान टोलीको पर्खाइमा अटल भएर बसेका थिए । डिसीएस् क.अर्जुनको र सुरेश ओलीको स्वागतमा कार्यक्रम सञ्चालन भयो । उक्त कार्यक्रममा जिल्ला इञ्चार्ज क. शंकुल, क. धनेश्वर पोख्रेल र क. परि थापाले सम्बोधन गर्नुभयो । सम्बोधनको क्रममा सुकुम्बासी समस्याको बारेमा र अन्य विषय वस्तुको बारेमा वक्ताहरूले आफ्नो भनाइहरू राख्नुभएको थियो । भारतले बनाएको नक्सा र नेपालको बास्तबिक नक्साको बारेमा व्याख्या गरिरहँदा जनता आक्रोशले जलिरहे झैं लाग्थ्यो ।

१२ गते फागुन हामीले खजुरा, नेपालगञ्ज धम्बोजी, कोहलपुर कोणसभा र नेपालगञ्जमा पत्रकार भेटघाट कार्यक्रम सम्पन्न गरी त्यस दिन कोहलपुरमा विकेन्द्रित भएर बस्यौं । १३ गते बिहान सबेरै हामीले सुर्खेतका लागि उत्तरतर्फ लाग्यौं । बाँकेका सभाहरूलाई क. परि थापा, क. धनेश्वर पोख्रेल, क. हिरामणि दुखि, क. अर्जुन लगायतका वक्ताहरूले सम्बोधन गर्नुभएको थियो । सुर्खेतको यात्राको क्रममा हाम्रो टीम बबई नदीको किनारामा पुगेर रोकियो । त्यहाँ चियानास्ता गरिसकेपछि हामी भेरी डाइभर्सनको अवलोकन समेत गर्‍यौं । अवलोकनपश्चात् हाम्रो यात्रा सुर्खेत सदरमुकामतर्फ मोडियो । ९ ३० बजे छिन्चु बजार पुगेर गाडी एकछिन रोकियो । ठीक ११ बजे हामी सुर्खेत पुग्यौं । बीचबजार पुगेर गाडी रोकियो, जहाँ स्थायी समिति सदस्य रामसिंह श्रीस सहितको जिल्लाको नेतृत्व टीम थियो त्यहाँ ।

## कविताहरू

### सम्झौता घरको विरुद्ध नबनोस् ....

(शार्दूलविक्रीडित छन्द)



● ईश्वरचन्द्र ज्ञवाली

कालो देख्दछु दालमा कति कुरा बाझ्ने गरेका किन?
आयौ मूल विचारमा यदि भने सम्मान गर्नेछु म।
अल्फा भारतकै समान गतिले नेपाल तोड़ौं भनी,
अर्कै राष्ट्र बनाउने विषयमा बोल्नेगरेका तिमी।

छोड़ी राष्ट्र पृथक् मधेश अब ता नेपाल हाम्रो भनी,
नेपाली हितमा हिँड्यौ यदि भने मान्लान् सबैले पनि।
मुद्दा देशविरुद्ध भित्र मनमा बोकेर वार्ता गरे,
वार्ताको उपयोगिता पनि छ के बाझ्ने छ वार्ता भरे।

वार्ता राष्ट्र हितार्थ मात्र गरियोस् वार्ता सपारीकन,
सम्झौता घरको विरुद्ध नबनोस् भन्दैछ मेरो मन।
कालो दाल समान देख्दछु कुरा गर्ने जनादेश रे,
यो नेपाल फुटाउने विषयकै बन्ला कि काँड़ो भरे।

ओलीबाट भयो बड़ो पहल यो सम्मान सीके गर,
छोड़ी देश विरुद्ध फर्क घरमा नेपाल साझा घर।
अर्काबाट उचालिँदै मुलुककोआस्था बिगार्ने भए,
यो तिम्रो जनमत् रह्यो किन यहाँ नेपाल मान्ने भए !

### देशको सीमा खोज्दा

● धनेश्वर पोखरेल

यो देशको सरकार कस्को सोध्नु पर्ने भयो
हराएका सीमाहरू खोज्नुपर्ने भयो

घुम्यौ हामी अभियानमा मेचीमहाकाली
अनुगमन गर्यौं हामी सीमा वारिपारि
थेन कतै जङ्गे पिलर खै त कता गयो
हराएका सीमाहरू खोज्नुपर्ने भयो

यो देशको सरकार कस्को सोध्नुपर्ने भयो
हराएका हाम्रा सीमा खोज्नुपर्ने भयो

यो देशको सरकारले आँखा देखेन कि
जनताहरू कराएको कान सुनेन कि
मालिक सामु बोल्न उस्को मुखै खुलेन कि
देशको सीमा लुटिएको थाहै पाएन कि

यो देशको सरकार कस्को सोध्नु पर्ने भयो
हराएका सीमाहरू खोज्नै पर्ने भयो ।

### स्मरण



● कृष्णभक्त महर्जन 'कगेन्द्र'

*अमन चैन नहुने जिन्दगी*
*सुख शान्ति नहुने जिन्दगी*
*के काम छ र जिन्दगीको*
*के भरोसा छ र जिन्दगीको*

*कुन बेला कहाँ जाकिन्छ*
*कुन बेला कहाँ फ्याँकिन्छ*
*जिन्दगीको के ठेगान छ र*
*मान्छेलाई देवता बनाएर*

*बाँचे ससार उज्यालो*
*मरे ससार अँध्यारो*
*बाँचे नि पाँच तत्वको*
*मरे नि पाँच तत्वको*

*जन्मिन्छ उहीँ माटोमा*
*हुर्किन्छ उहीँ माटोमा*
*बाँचे पनि त्यही माटो हो*
*मरे पनि त्यही माटो हो*

*प्रसंग जिन्दगीको हो*
*प्रसंग माटोको होइन,*
*जन्मिदा दुधको स्वाद*
*मरिंदा माटोको स्वाद*

*दिन जति सुकिलो भयो*
*जिन्दगी उति नै सुकिलो*
*दिन जति धमिलो भयो*
*जिन्दगी उति नै धमिलो*

*बाँचिरहे पनि जिन्दगी*
*अन्तिम अभियानमा हुन्छ*
*मरिरहे पनि जिन्दगी*
*अन्तिम अभियानमा हुन्छ*

## देजमोले...

(दुई) जना पर्यवेक्षक, समिति भएका जिल्लाहरूबाट १ (एक) जना प्रतिनिधि र १ (एक) जना पर्यवेक्षक र सम्पर्क भएका जिल्लाहरूबाट १ (एक) जना प्रतिनिधि सहभागी हुन पाउने छन् ।

सम्मेलनका लागि प्रतिवेदन अध्यक्ष सीपी गजुरेल र विधान सचिव परि थापाले तयार पार्ने समेत जिम्मेवारी बाँडफाँड गरिएको छ । सम्मेलनलाई लक्षित गरेर अहिले सबै प्रदेश र जिल्लाहरूमा मोर्चाका सम्मेलनहरू धमाधम सम्पन्न भइरहेका छन् ।

## विप्लवमाथिको...

समस्याहरूलाई लिई आफ्नै स्वतन्त्र पहल र विभिन्न पक्षसँग कार्यगत एकता गरी संयुक्त रूपमा समेत् जनसंघर्षका कार्यक्रम दिने निर्णय लिइएको छ ।"

राष्ट्रियताको प्रश्नलाई लिएर विज्ञप्तिमा भनिएको छ- "२०७५ फागुन २३ मा भूमिव्यवस्था मन्त्रीद्वारा सरकारले संघीय नेपालको आधिकारिक नक्सा सार्वजनिक गरेको छ भनी जानकारी गराइएको छ । परन्तु त्यसमा एकातिर लिम्पियाधुरा क्षेत्रलाई छुटाइएको छ भने अर्कोतिर मिचिएका सबै भूभागहरूलाई समेटी प्रदेश, जिल्ला, तथा स्थानीय तहको नक्सा अंकित गरिएको छैन । यो गम्भीर आपत्तिजनक विषय हो । अतः लिम्पियाधुरासहित मिचिएका सबै भूभागलाई समेटी पूर्ण नक्सा तयार पार्न तथा नेपालको भौगोलिक अखण्डताको रक्षागर्न पार्टी सरकारसित जोडदार माग गर्दछ ।"

त्यसैगरी जनतन्त्रसंग जोडिएका केही गम्भीर विषयहरूलाई लिएर वक्तव्यमा भनिएको छ, "यही २०७५ फागुन २४ मा नेपाल सरकार र स्वतन्त्र मधेश गठबन्धनका प्रतिनिधिबीच प्रधानमन्त्रीको उपस्थितिमा ११ बुँदे सहमति गरिएको कुरा प्रकाशमा आएको छ । सो सहमतिको दोस्रो बुँदामा "तराइमधेश लगायत देशका कतिपय स्थानमा रहेका असन्तुष्टिहरूलाई जनअभिमतमा आधारित लोकतान्त्रिक विधिबाट समाधान गर्न सहमत भएका छौं" भनी उल्लेख गरिएकोमा त्यसलाई "जनमत संग्रहमा जान सहमत भएको" भनेर स्वतन्त्र मधेश गठबन्धनका तर्फबाट अर्थ्याइएको पनि प्रकाशमा आएको छ । यसरी सहमतिमा अमूर्त भाषा र द्विअर्थ लाग्ने विवादास्पद पदावली प्रयोग भएकोमा त्यसको विरोध गर्दै राष्ट्रिय अखण्डता तथा सार्वभौमिकता जस्तो सम्वेदनशील विषयमा सरकारका तर्फबाट गल्ती भएकोमा त्यसलाई अविलम्ब सच्याउन पार्टी विशेष आग्रह गर्दछ ।"

टीकापुरको घटना राजनीतिक भएको स्मरण गराउँदै भनिएको छ- "हालै २०७५ फागुन २२ गते कैलाली जिल्ला अदालतद्वारा टीकापुर हत्याकाण्डको घटनामा प्रतिनिधि सभाका सदस्य रेशमलाल चौधरीसहित ११ जनालाई जन्मकैदको सजाय दिने फैसला गरिएको छ । राजनीतिक प्रकृतिको विषयलाइ अदालती कारवाहीको विषय बनाइएकोमा त्यसको दृढ विरोध गर्दै राजनीतिक विषयलाई अदालती प्रक्रियासित नजोड्न तथा राजनीतिक सहमतिका आधारमा समस्याको समाधान गर्न पार्टी जोडदार माग गर्दछ ।"

विज्ञप्तिको अन्त्यमा भनिएको छ- "संसदमा नागरिकता संशोधन विधेयक पेश हुँदैछ भन्ने कुरा प्रकाशमा आएको छ । नागरिकताको प्रश्न देशको राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्नसित अभिन्न रूपमा जोडिएको छ र नेपाल जनसांख्यिक अतिक्रमणको सिकार हुँदै आएको छ । यस स्थितिमा पार्टी वास्तविक नेपाली नागरिकताबाट बञ्चित हुने र गैरनेपालीले नागरिकता प्राप्त गर्ने अवस्था पैदा नहोस् भन्नेबारे ध्यानाकर्षण गर्दै सरकारलाई गम्भीर,तथा जिम्मेवार बन्न जोडदार आग्रह गर्दछ ।"

यतिखेर देशमा नेकपा विप्लवमाथि लगाइएको प्रतिबन्ध र पृथकतावादी सिके राउतसँग गरिएको ११ बुँदे सहमतिको चौतर्फी रूपमा विरोध भइरहेको छ । र, प्रतिबन्ध र ११ बुँदे सहमति खारेज गर्न चौतर्फी रूपमा दबाब बढिरहेको छ ।

## क्रान्तिकारी र...

क्रान्तिकारीहरूको बढ्दो क्रियाशीलता र ओली सरकारको दलाल तथा जनविरोधी क्रियाकलापले पछिल्ला दिनहरूमा देशभित्र राजनीतिक ध्रुवीकरण तीव्ररूपमा हुँदै गइरहेको बताएका छन् । ललितपुरको कुपण्डोलमा शुक्रबार आयोजित देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल प्रदेश नम्बर ३ को प्रदेश सम्मेलनको उद्घाटन सत्रलाई प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै उनले उक्त कुरा बताएका हुन् ।

आफूलाई समाजवाद निर्माण गर्ने कम्युनिष्ट सरकार भनेर नथाक्ने ओली सरकारको फासिवादीकरणले जनतालाई नेकपाको ओली सरकार न त कम्युनिष्ट सरकार हो, न त जनताको नै, यो त केवल विदेशीहरूको दलाल तथा फासीवादी सरकार हो भन्ने विशवास हुँदै गएको गजुरेलले बताए । यसले गर्दा फासीवादीहरू एक कित्तामा र क्राान्तिकारीहरू अर्को कित्तामा प्रष्ट देखिने गरी ध्रुवीकरण गराएको कुरामा उनले जोड दिए ।

ओलीको सरकारमा भ्रष्टाचारले संस्थागत स्वरूप धारण गरेको र दलाल तथा नोकरशाही फासीवादी सरकारको चरित्र र विशेषता नै यही भएकाले अहिले दलाल, माफिया, बिचौलिया, तस्कर, ठेकेदार तथा सरकारका आसेपासे तथा भरौटेहरूको बिगबिगी रहेको कुरामा गजुरेलले जोड दिए । उनले राष्ट्रघात, जनघातका साथै जनजीविकामा सबैभन्दा ठूलो आक्रमण यही ओली सरकारको पालामा भएको भन्दै प्रतिपक्ष नेपाली कांग्रेस पनि परोक्ष रूपमा यसमा सहभागी रहेको कुरामा जोड दिए ।

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको १५ दिने मेचीमहाकाली अभियानले देशभरका जनताका बीचमा जनजागरणका कामहरू गरेकाले जनता पहिलेभन्दा धेरै सचेत र आलोचनात्मक चेतले ओतप्रोतहुँदै गएको भन्दै गजुरेलले अब जनताले विकल्पको खोजिगरिरहेका कुरामाथि प्रकाश पारे ।

जनताले खोजेको विकल्प आमूल परिवर्तनका लागि भएकाले क्रान्तिकारीहरूले उठाएको जनगणतन्त्र स्थापनाको नारा र विकल्प नै अबको जनसंघर्षको एकमात्र विकल्प भएको कुरामाथि गजुरेलले प्रकाश पारेका थिए ।

उद्घाटन कार्यक्रमको शुभकामना मन्तव्य दिँदै अखिल क्रान्तिकारीकी उपाध्यक्ष शिलु न्यौपानेले देशमा आमूल परिवर्तनको जरुरी भएकाले त्यसमा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालसँगै अखिल क्रान्तिकारीले काँधमा काँध मिलाएर जाने कुरामा जोड दिइन् । अनेमसंघ (क्रान्तिकारी) की केन्द्रीय महासचिव शारदा महतले देशलाई सामन्ती, दलाल तथा पितृसत्तात्मक उत्पीडनको जुआबाट मुक्त पार्न क्रान्तिकारीहरू एक हुनुपर्ने बताइन् ।

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका केन्द्रीय संयोजक ईश्वर तिमिल्सिनाले वर्तमान ओली सरकारको दलाल तथा नोकरशाही चंगुलबाट देश र जनतालाई मुक्त पार्न नयाँ जनवादी संघर्षको जरुरी रहेको खुलस्त गरेका थिए ।

त्यसै गरी, अखिल नेपाल आदिवासी जनजाति महासंघका केन्द्रीय अध्यक्ष कमल चौधरीले वर्तमान केपी ओलीको फासीवादी सरकारले पछिल्ला चरणमा आएर आफ्नो कित्ता क्लियर गर्दै पृथकतावादी सीके राउतसँग रातारात सम्झौता गरेको, कैलालीको घटनालाई लिएर रेशम चौधरीलाई आजीवन काराबासको सजाय दिएको र नेकपा विप्लबको पार्टीमाथि प्रतिबन्ध लगाएकाले जनता अब ओलीको राष्ट्रघाती र जनविरोधी हर्कतबाट प्ष्ट हुँदै गएको बताएका थिए ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष सीताराम तामाङले आफूहरू कामका विशिष्टताका हिसाबले जहाँ र जोसुकै मोर्चा वा जनवर्गीय संगठनहरूमा रहे पनि सबै क्रान्तिकारी कम्युनिष्ट नै भएकाले सबै मुक्ति र समानताका अभियन्ता भएको कुरामा जोड दिएका थिए ।

उद्घाटन कार्यक्रमका प्रमुख अतिथि सीपी गजुरेल, अतिथिहरूमा दिनेश शर्मा, कमल चौधरी, सीताराम तामाङ, ईश्वरन्द्र ज्ञवाली, प्रा.डा.जगदीशचन्द्र भण्डारी, धनेश्वर पोखरेल, सुरेश श्रेष्ठ, ईश्वर तिमिल्सिना, वसन्त बोगटी, शारदा महत, फुर्नाम्गेल मोक्तान, राम नेपाली, शिलु न्यौपाने, नरबहादुर गौतम आदि रहेका थिए ।

अशोक शर्माले सञ्चालन गरेको उक्त उद्घाटन सत्रको अध्यक्षता प्रदेश संयोजक पवनमान श्रेष्ठले गरेका थिए ।

## देजमो ३...

सर्वसम्मतले चयन गरिएको छ ।

सदस्यहरूमा खगेन्द्र छन्त्याल, भरत बुर्जा, अशोक शर्मा, श्याम केसी, श्रीकृष्ण सुलु, इन्दिरा घिमिरे, अम्बिका पाण्डे, कुमार बोगटी, पूर्णाकुमारी देवकोटा, अब्दुल सलाम, निवासचन्द्र श्रेष्ठ, इश्वर सायमी, रविन्द्र मिश्र, ढोगप्रसाद अधिकारी, रोशन विशंखे, केके मल्ल, निरन तुलाधर, निशा राई, गणेश पौडेल, जितबहादुर तामाङ, मिनाकुमारी तामाङ, गुन्जमान तामाङ, तिलक श्रेष्ठ, धनबहादुर तामाङ, स्वरूपसिंह तामाङ, रामकृष्ण केसी, थलप्रसाद देवकोटा, ढकप्रसाद देवकोटा, अमर तामाङ, सद्दाम हुसेन, नरबहादुर गौतम, बाबुराम प्यासी, नारायण अधिकारी, शिलु न्यौपाने, अर्जुनलाल श्रेष्ठ, टेकबहादुर विक, विजय तामाङ, रूपा गेलाललगायत रहेका छन् ।

शुक्रबार उद्घाटन समारोह सम्पन्न गरेको मोर्चाले शनिबार बन्द सत्र सम्पन्न गरेको थियो । शिव श्रेष्ठ, भरत बुर्जा र शान्ता पण्डितको तीन सदस्यीय अध्यक्ष मण्डल बनाई अध्यक्ष मण्डलका अध्यक्ष शिव श्रेष्ठले बन्द सत्रको सञ्चालन गरेका थिए ।

बन्द सत्रमा मोर्चाका प्रदेश संयोजक पवनमान श्रेष्ठले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन १२ वटा जिल्लाबाट प्रतिनिधि पर्यवेक्षकहरूले १२ वटा समूह बनाई प्रतिवेदनमाथि व्यापक छलफल गरेका थिए । समूहहरूको तर्फबाट प्रतिवेदनमाथि सुझाव तथा टिप्पणीसहित जिल्लाको रिपोर्ट पेश गरिएको थियो । परिमार्जनसहित प्रतिवेदन एकमतले पारित गरिएको थियो । त्यस लगत्तै अध्यक्ष मण्डलले पुरानो प्रदेश संगठन समिति भंग गरी प्रस्ताव गरेको ५५ सदस्यीय प्रदेश समितिको प्रस्ताव एकमतले पारित गरेको थियो ।

## क्रान्तिकारी लेखकहरु...

प्रतिनिधित्व गरिरहेको स्थितिमा विचारको विचलनको रूपमा सो सत्ताको प्रतिनिधित्व गर्ने व्यक्तिहरू नै प्रलेसको मुख्य भूमिकामा रहेकोले सो सित सँगै जान नसक्ने निर्णय गरेको छ । प्रलेसको संविधानमा अभिव्यक्त संकथन अनुरूप सामन्तवाद र साम्राज्यवाद विरोधी शक्तिको रूपमा नभएर उनीहरू उल्टै राष्ट्रविरोधी गतिविधिमा संलग्न हुँदै देश र जनताको हितविरुद्ध काम गरिरहेको हुनाले पनि त्यस्ता शक्तिसित वर्तमान स्थितिमा सहकार्य गर्नु अनुपयुक्त रहेको ठहर बैठकको रहेको छ ।

बैठकले हालै भएको सिके राउतसँगको सम्झौताले राष्ट्रद्रोहको सारमा अभिव्यक्ति दिने हुनाले र राष्ट्रिय स्वाधीनता र अखण्डतामाथि सुदूर भविष्यमा गहन प्रभाव पार्ने भएकाले पनि राष्ट्रियता विरोधी चरित्र रहेको पुष्टि भएको ठहर गरेको छ । प्रलेस प्रतिक्रियावादीहरूको कब्जामा जाने स्थिति देखिएकोले सो केन्द्रलाई क्रान्तिकारीहरूले स्वीकार गर्नु उपयुक्त नहुने पनि निष्कर्ष निकालिएको छ । यस सन्दर्भमा सत्ताइतर प्रगतिशील, क्रान्तिकारीहरूको एउटा अलग्गै वैचारिक धारको पहिचानको निम्ति ध्रुवीकरणको आवश्यकतालाई समेत महसुस गरिएको छ । उक्त बैठकको अध्यक्षता तथा सञ्चालन संगठनका अध्यक्ष इश्वरचन्द्र ज्ञवालीले गर्नुभएको थियो । बैठकमा महासंघका उपाध्यक्ष डा. जगदीशचन्द्र भण्डारी, सदस्यहरू मित्रलाल पंज्ञानी, डा. ताराकान्त पाण्डे, डा. नन्दीश अधिकारी, हिरामणि दुःखी, खगेश्वर भण्डारी, चित्रबहादुर थारु, इस्माली, आदर्श राई, गौरी दाहाल, पेमा लामा, आरबी राई, विष्णु न्यौपाने, असल पाख्रिन, मोदनाथ मरहट्टा, परशुराम कोइराला, देवेन्द्र लम्साल, विमला चन्द, छायादत्त न्यौपाने, सुकुम शर्मा, प्रभात सापकोटा, डा. विदुर वस्ती, उमेश आचार्य, प्रकाश खनाल, पूर्णबहादुर अधिकारी, विष्णु आले, अर्जुनकुमार ढकाल, विजयराज आचार्य, शुशिला थापा, प्रतीक तामाङ, श्रीकृष्ण सुलु, बसन्त बोगटी, सुनिता बुढाथोकी, इश्वरी गुरागाई, धनेश्वर पोखरेल, सुर्यप्रसाद भट्टराईलगायतको उपस्थिति रहेको थियो ।

निनु चापागाई, आहुती, नरेन्द्रजंग पिटर, रोशन जनकपुरी, जीवन शर्मा, कृष्णहरि भट्ट, मात्रिका पोखरेल, बलराम तिमल्सिना, संगीत श्रोता, विष्णु भण्डारी, भुपाल राई, भोगीराज चाम्लिङ, पुण्य कार्की, सरिता तिवारी, केशव सिलवाल, कल्पना चिलवाल, प्रकाश चापागाईं, नन्दलाल आचार्य, राजेन्द्र घायल, अशोक शर्मा, कपिल अज्ञात, कला अनुरागी, विनोद विक्रम केसी, गुरुङ सुशान्त, राजु स्याङतान, सकुन्तला जोशी, यज्ञबहादुर डाँगी, केदार श्रेष्ठलगायतका लेखक तथा साहित्यकारहरूले पनि सत्ता इतर क्रान्तिकारी साँस्कृतिक धाराको निर्माण गर्नुपर्ने कुरामा सहमति जनाएको बुझिइएको छ ।

## विप्लव नेकपा...

कारणले प्रतिक्रान्तिकारीहरू दक्षिणपन्थी संशोधनवादी, नवशंसोधनवादी बाटोहुँदै प्रतिक्रियावादमा पतन हुन पुगेका हुन्छन् र उनीहरू शोषक वर्गमा रूपान्तरण भइसकेका हुन्छन् । उनीहरू प्रतिक्रियावादी वर्गकै सेवा र चाकरी लिप्त भएर लागेक हुन्छन् । उनीहरूसित जनता र राष्ट्रप्रति कुनै पनि मोह हुँदैन । त्यसो भएर उनीहरू ज्यादा राष्ट्रघाती र ज्यादा जनघाती चरित्रका हुन्छन् र मालिकले अह्राएको काम गर्ने गर्दछन् ।

वर्तमान नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कुनै निश्चित सिद्धान्त, दर्शन भएको पार्टी होइन । झापा विद्रोहहुँदै संसदवादमा फसेर प्रतिक्रियावादी कितामा दर्ज भएर प्रतिक्रियावादी सत्ता सञ्चालन गर्दै आएको तत्कालीन नेकपा(एमाले) र दशवर्षे जनयुद्धहुँदै शान्ति प्रक्रियामा प्रवेश गरे पश्चात् दक्षिणपन्थी संशोधनवादी बाटोहुँदै वर्गीय रूपमा समेत आत्मसमर्पण गरेर वेलाबखतमा प्रतिक्रियावादी सत्ताको स्वाद चाख्दै सत्ता र भत्ता प्राप्तिको लक्ष्य बोकेर एमालेमा बिलय भएको तत्कालीन नेकपा (माके) मिलेर बनेको भगौडाहरूको सरकार हो । त्यसैले यो सुधारिएको पञ्चहरूको सरकारभन्दा भिन्न सरकार होइन । किनभने, सरकारमा जानका निम्तिमात्रै एमाले र माकेका बीचमा पार्टी एकताको नाटक मञ्चन गरिएको थियो । पार्टी एकताका लागि निश्चित सिद्धान्त, निश्चित विचार हुन्छ । त्यस विषयमा कुनै छलफल र बहसबिना नै सरकारमा बहुमत ल्याउनका लागि नै पहिले चुनावी एकतापछि पार्टी एकताको नाटक मञ्चन गरिएको थियो ।

चुनाव जित्नका लागि उनीहरूले यस देशका भ्रष्टाचारीहरू तस्करहरू, काला बजारीहरू, भूमाफियाहरू, शैक्षिक माफियाहरू, देश बेचुवाहरूबाट अरबौ चन्दा र सहयोग लिएका थिए । यो सबैकुरा जनतालाई पहिलेनै थाह भएकै कुरा तर कम्युनिष्ट एकताको गुलियो नारा दिएर नेपाली जनतालाई झुक्याएर उनीहरूले बहुमत ल्याएर सरकार गठन गर्न सफल भएका थिए ।

सरकार सञ्चालन गरेयता यो प्रतिक्रान्तिकारी सत्ताले यो देशका ठूला भ्रष्टाचारी, तस्कर, कमिसनखोर, हत्यारा, माफिया आदिको संरक्षण गर्ने र आफूले पनि अरबौंको भ्रष्टाचार गर्ने, जनताबाट चर्को कर असुलेर मोज मस्ती गर्ने, बिरोध गर्नेलाई कारवाहीको विषय बनाउन नियम बनाउने, सामाजिक सञ्चालनबाट उनीहरूको बेइज्जत हुने भएकाले त्यहाँ पनि प्रतिबन्ध लगाउने षड्यन्त्र गर्ने, त्यसको दायरालाई संकुचित बनाउने आदि कार्य गर्दै आएका थिए ।

निर्मला पन्त बलात्कार हत्याकाण्डको संरक्षण गरेको र वाइडबडी जहाजकाण्ड भ्रष्टाचारीहरूको संरक्षण गरेकोबाट ओली नेतृत्वको सरकार असमझदारी भ्रष्टाचारीहरूको संरक्षक सरकार हो भन्न कुरा पुष्टि भएको छ ।

यो देशका ठूला भ्रष्टचारीहरू राजस्व छलीहरू, तस्करहरूलाई विप्लव नेतृत्वका नेकपाले भौतिक कार्वाही गर्न थालेपछि उनीहरूको दवाव र संरक्षणका लागि विप्लव नेकपामाथि प्रतिबन्ध लगाउन ओली सरकार भएको देखिन्छ । यो कुनै राजनीतिक सवाल होइन । यो देशका ठूला राष्ट्रघाती, राष्ट्रद्रोही, जनघाती, तथा आपराधीहरूको संरक्षण गर्ने निहुँमा विल्लव नेकपामाथि प्रतिबन्धित लगाउन पुगेको छ ।

दोस्रो कारण रेशम चौधरीको मुद्दा प्रकरणपश्चात् मधेशवादी दलहरूले ओली सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि दुईतिहाईको घमण्ड र अहंकार प्रदर्शन गर्दै आएको ओली-दाहालको सरकारलाई ठूलो धक्का लाग्यो । मधेशवादीलाई काउन्टर दिनका लागि यो सरकार अमेरिकाबाट सञ्चालित राष्ट्र विखण्डनकारी सिके राउतलाई साथमा ल्याएर मधेसवादीहरूलाई देखाइ दिनका लागि सीके राउतसित ११-बुँदे सम्झौता गरेर देशद्रोहीको कलंकको टीका लगाउन पुगेपछि देशव्यापी रूपमा व्यापक विरोध र भण्डाफोरहुँदै गएपछि यी सबै कुकार्य र अनैतिकता तथा देशद्रोहीकार्यबाट बच्न र जनताको आक्रोशलाई अन्यत्रै मोड्ने उद्देश्यले "नाङ्लो ठटाएर हात्ती तर्साउने" भने झै विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाएर एक क्षणका लागि भए पनि सुखको स्वास फेर्ने मनसायले यो कदम चालिएको प्रष्टै भएको छ ।

तेस्रो कारणमाथि पनि उल्लेख गरिएको छ कि प्रतिक्रान्तिकारीहरू बढी फासीवादी हुन्छन् । सत्तामा पुगेपछि क्रान्तिकारीहरूलाई सखापै पार्ने लक्ष्य हुन्छ उनीहरूको । उनीहरूसित, उदाहरणका लागि, चीनमा माओसेत्तुङको मृत्युपछि सत्तामा पुगेका देङप्रति क्रान्तिकै गुटले 'ग्याङ अफ फोर'का चारै जना नेताहरूलाई गिरफ्तार गरेर जेलझै सखाप पारेको इतिहास विश्वसामु साक्षी छ । यहाँ पनि यी प्रतिक्रान्तिकारीले विप्लव नेकपामाथि प्रतिबन्ध लगाएर नेपालका सम्पूर्ण क्रान्तिकारीहरूलाई तर्साउनको निम्ति हात्तीलाई नाङ्लो ठटाएर झैं ठटाउन खोजेको छ । यो ओली-दाहाल सरकारका नितान्त गलत र निन्दतीय कार्य हो । यसको भविष्य छैन । जनताले बेलैमा जवाफ दिने छन् ।

## मगर मोर्चाको ३ नं. प्रदेशको संयोजकमा कपिल पुन

काठमाडौं । अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चा ३ नम्बर प्रदेशको एक भेलाले कपिल पुनको संयोजकत्वमा सात सदस्यीय प्रदेश कमिटि निर्माण गरेको छ । भेलाले प्रदेश सदस्यहरूमा क्रमशः विष्णु आले मगर, सुजन मगर, प्रदिप अस्तानी, दल बहादुर घर्ती मगर, ज्ञान बहादुर राना र बल बहादुर पुन मगर रहेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी) का ३ नम्बर प्रदेश सेक्रेटरी दिने शर्मा र पिविएम पवनमान श्रेष्ठको उपस्थितिमा भेला आयोजक कमिटि निर्माण भएको हो । भेलाले देशमा समावेशी तथा पहिचानका मुद्दा उठाउने र आइएलओको धारा १६९ को जनजाति अधिकारसम्बन्धी विषयलाई उठान गर्ने निर्णय गरेको छ । साथै २०७६ वैशाख २० गते भित्र ३ नं प्रदेशका जिल्लाहरूमा जिल्ला भेला आयोजक कमिटि निर्माण गर्ने योजना समेत बनाएको मोर्चाका केन्द्रीय उपाध्यक्ष भरत बुर्जाले बताए ।

## विप्लवप्रतिको...

तथा विदेशी शक्तिबाट परिचालित कथित स्वतन्त्र मधेशी गठबन्धनका संयोजक सीके राउतसँग समाधानको नाममा गरिएको सम्झौता राष्ट्रको विखण्डन गराउने, स्वाधीनतालाई घात गर्ने, दलाल तत्वलाई प्रश्रय दिने र भारतीय विस्तारवादी स्वार्थलाई मलजल गर्ने प्रकारको रहेको हामीलाई लागेको छ । आफूलाई राष्ट्रवादी र कम्युनिस्ट भनिने शक्तिको सरकारबाट गरिएको यस किसिमको सम्झौताले देशको सार्वभौमिकता, अखण्डता र स्वाभिमानमाथि ठाडै प्रहार गर्ने काम घोर भर्त्सनायोग्य छ । हामी सो सम्झौता खारेज गरी राष्ट्रियताप्रति सम्मान गर्न अपिल गर्दछौं ।"


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०४६११०६
बिक्की शर्मा गुरागाँई- ९८५११९५८८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
गाईघाट सम्पर्क नम्बर
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

रुद्रताल यातायात प्रा.लि.
ढोरपाटन-१, बुर्तिवाङ, बाग्लुङ
सुमो दिवा सेवा
बुर्तिवाङ, खरवाङ, हतिया, बाग्लुङ, पोखरा हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नं. ९८१०२५१८६३
बुर्तिबाङ सम्पर्क ९८१०२५१८६४
सुझाव र सल्लाहको लागि ०१-४३५२२२२ र ९८५१०४९९५१
सेवाहरू
बुर्तिबाङ-काठमाडौं दैनिक सेवा सहित घर-घरमा पुन्याउने व्यवस्थाको साथै नेपालभित्रको जुनसेकै गन्तव्य स्थलको धार्मिक यात्रा, शैक्षिक भ्रमण, निजी पारिवारिक भ्रमणका लागि गाडी चाहिएमा सम्पर्क राख्नुहोला ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)
०४७-५२११६९ सिन्धुली
९८४१०१६०४९ ढकाल बाजे
९८६०१०२७३८ विश्व
९८४४२५२३८५ सानोभाई
९८४११०६९६७ संजीव
९८४५७८४३०७ प्रदीप
०१-५१००४९४ कोटेश्वर
९८४४००८४०० लाल बहादुर
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५, ९८४४०७६२६१, ९८३१२८४३०

## आलोपालो

# राजनीतिक दलहरू संघीय चिन्तनअनुसार हिंड

● गोरखबहादुर बि.सी.

वास्तवमा नेपालको समस्या भनेकै केन्द्रीकृत राज्य प्रणाली र सोसंग जोडिएका मुख्य मुद्दा नै हुन् । केन्द्रीकृत राज्य व्यवस्थाको अन्त्य र संघीय राज्य व्यवस्थाको जग बसाल्ने विषयमा खास गरी अहिलेको राजनीतिक मुद्दा नै केन्द्रित हो । यही मुद्दाले गर्दा मुलुकमा राजनीतिक अस्थिरता उत्पन्न भएको हो । त्यसैले हालसम्म राज्य सञ्चालनको केन्द्रिकृत सोच एवम् चिन्तनले मुलुकको विविध जाति भाषा र संस्कृतिको लोप मात्र होइन कि नेपालको विविध पहिचनको समाप्त हुनु हो । संसारले नेपाललाई विविध जातिय पहिचानको मुलुक भनी नेपालमा विभिन्न देशका पर्यटकहरूको ओइरो लाग्ने गर्छ । तर नेपालको एकल केन्द्रिकृत हस्तक्षेप र अहंकारी नीतिले यहाँका विविध जाति र क्षेत्रको पहिचानलाई दबाउने काम हुँदैछ ।

यही कारणले ०६२/०६३ को जनआन्दोलन र माओवादीको १० वर्षे जनयुद्धले विविध जातिय र विभेदमा एवम् उत्पीडनमा परेका जनताको विद्रोहले केही परिवर्तन आए पनि पुन त्यो परिवर्तनलाई नयाँ सिराबाट हस्तक्षेपकारी शैलीमा जनताको वास्तविक चाहानामाथि कुठराघात गर्ने काम भइरहेको छ । अब जनताको चाहाना र नेपालको ऐतिहासिक पहिचनाका लागि पनि नेपालको यथात धरातलीय एतिहासिक पहिचानको खोजि हुन आवश्यक हो । नेपाली जनताको परिवर्तनको आम चाहनालाई राजनीतिक र संवैधानिक रूपले लिपिवद्ध सम्बोधन नगर्ने हो भने मुलुकले कहिल्यै नजित्ने युद्ध हुने संभावना निश्चित छ ।

त्यसैले, विविध उत्पिडक जाति र क्षेत्रको पहिचानलाई राजनैतिक र संवैधानिक रूपले संवोधन गर्न सके मात्र हालसम्मका संघर्ष र बलिदानको आधारशिलालाई स्थापित गर्न सकिन्छ । यही आधारशिलाबाट आमजनताको वृत्ति विकासको सर्वाङ्गिण कर्तव्य र अधिकारको बोध गराउन सकिन्छ । यसको निम्ति मुलुकले संघीय इकाई र प्राकृतिक स्रोत र साधनमा स्थानीय जनताको अग्रअधिकारलाई स्थापित गर्दै केन्द्रीय राज्य व्यवस्थापनको मुख्य जगलाई बलियो बनाउने बाटो बन्छ । हाम्रो ऐतिहासिक तथा तथ्यका आधार एवम् हाम्रो माटोसँग जोडिनु पर्दछ ।

प्राचिनतम् समयमा नेपाल राज्यको इतिहास हेर्ने हो भने कविलायुगिन समयको विकासक्रमसँग किराँत गणराज्य स्थापना भएको देखिन्छ । यसमा संघीय इकाईहरूलाई दिक्कपालको नामबाट सम्बोधन गरिन्थ्यो । यस समयमा १० वटा दिक्कपालबाट चुनिएका मध्येबाट राष्ट्र प्रमुख वा राजा चुन्ने गरिन्थ्यो । यो ऐतिहासिक एक तथ्य हो । यस्तै सवालाख पर्वत भित्रै स्थापित खस साम्राज्यको ऐतिहासिक तथ्यलाई केलाउने हो भने फारसको खाडीदेखि कोम्बोडियोहुँदै जाफ्ना प्रायद्वीपमा रहेको शासन व्यवस्था उच्चतम्, उन्नत् स्तरको सार्वभौम स्वायत्तसहितको गणराज्यत्मक व्यवस्था स्थापित थियो भन्ने कयौं ऐतिहासिक प्रमाणहरू छन् । यी प्रमाणहरूमा किराँतकालिन गणराज्यमा कोलिया गणराज्य, विराट गणराज्य, विदेह गणराज्य, कुच विहार गणराज्य आदिसहितका गणराज्य केन्द्रीय किराँत गणराज्यभित्रै थिए भन्ने चाइनिज यात्रीहरू र इतिहासकारहरूले पुष्टि गरेका छन् । यस्तै हिम्मवत् खण्डको ८,००० (आठ हजार) माइल लामो भूभागमा उच्चतम् प्रकारको आत्मनिर्णय सहितको राज्य व्यवस्थापन केन्द्रीय सार्वभौमिकतामा अडिएको खस साम्राज्यको व्याख्या गरिएको यसमा एकै अक्षरले जम्बुद्वीपे, हिमवत खण्डे, भरत वर्षे नामले चर्चित छ ।

अहिले हिजोको इतिहासलाई लामो समयसम्म केही केन्द्रीय शासन व्यवस्था चाहने व्यक्ति र समूहहरूले शासन र रजगज गरे । सामन्ती राज्य व्यवस्थापन स्थापना गरेर ऐतिहासिक तथ्यलाई नष्ट गरिएपछि जनताले ऐतिहासिक मुद्रामा प्रवेश गरेर अगाडि बढिरहेको अवस्थामा नेपालको ऐतिहासिक तथ्यलाई स्थापित गर्ने लामो समयको संघर्ष र बलिदानले संघात्मक स्वायत्त इकाईहरूमा जाने निर्णयको यो वा त्यो रूपबाट जनतालाई भ्रमित पार्दै राज्यको पुनर्संरचनालाई एकाङ्की ढङ्गबाट निस्तेज पार्ने काममा हिजोदेखि आजसम्म खाई पाई आएका व्यक्तिहरू र समूहहरूले न्वारानदेखिको बल प्रयोग गरिरहेका छन् ।

यसर्थ, नेपालको लामो समयसम्म टेकेको एकात्मक राज्य व्यवस्थाको अन्त्य गर्न पटक-पटक विद्रोह र आन्दोलन भएका थिए । त्यसमा २०६२/०६३को आन्दोलन र १० वर्षे जनयुद्धले परिपूर्ति गरेको हो । यसैले आम नेपाली उत्पीडित, उपेक्षित र विभेदमा परेका जनता आफ्नो संघर्ष र बलिदानको हिस्सालाई रक्षा गर्दै राज्यको पूनसम्बोधन हुने शासकीय सार्वभौम अधिकार सहितको राज्य पुनर्संरचना गर्न अघि बढ्न वर्तमान राजनैतिक दलहरूले लाग्नु पर्दछ । यसको निम्ति आमसमुदायले महसुस गर्ने गरी राज्यको पुनर्संरचनासहितको भौगोलिक, सांस्कृतिक, ऐतिहासिक आधार निर्माणको अधिकतम मुद्दाहरू लिखिबद्ध गर्ने बाटोमा आजैबाट लाग्नु पर्दछ ।

यसर्थ वर्तमान अवस्थामा नेपालको राष्ट्रिय जग बलियो बनाउनु र नागरिकलाई आफ्नो मुलुकप्रति जिम्मेवार बोध गराउनु भनेकै स्वायत्त सहितको संघीय राज्य व्यवस्था हो । देशको भविष्य आउँदो पुस्तालाई हस्तान्तरण सुनिश्चित र गृहयुद्धको सम्भावनालाई टार्ने आधार तय गर्नु पनि हो । उदाहरणको रूपमा एउटा परिवार बलियो हुनु त्यस परिवारमा रहेका सदस्यहरूको आआफ्नो जिम्मेवारी बोध र दायित्वको निर्वाह एवम् आत्मसम्मान रह्यो भने मात्र त्यो परिवारको जग बलियो र सवल रहन्छ । एउटा परिवार चलाउनुलाई यी तत्व चाहिन्छ भने मुलुकको स्थायी जग बलियो बनाउन त्यस मुलुक भित्रका तल्लो इकाई सम्म रहेको जनताको सम्बोधन नगरी राज्यको केन्द्र राम्रो बनाउनु भनेको भत्केको घरको छट राम्रो बनाउनु भने जस्तो हो ।

त्यसैले मुलुक बनाउन र समृद्ध तुल्याउन आन्तरिक उपनिवेश र उत्पीडनको अन्त्य गरी मुलुकभित्र रहेका विभिन्न जात, जाति, वर्ग, भाषा, संस्कृति र पछाडि पारिएका क्षेत्र सम्बोधन गराई आधारभूत तत्व सहित अगाडि बढ्दा घरको बलियो जगजस्तै मुलुकको बलियो जग बनी समृद्ध राष्ट्र बन्न सक्दछ । यसकारण हामीले कसैको भाग खोस्ने र खोसिने चिन्तन मननूलाई त्यागेर सबै नेपालीको नेपाल देश हो भन्ने युक्तिलाई शासक एवम् राज्य व्यवस्थाले समभावको दार्शनिक चिन्तन स्थापित गर्नु पर्दछ । यदि यो चिन्तन मननूबाट हामी उही केन्द्रीकृत शासन शैली र चिन्तन एवम् प्रवृतिमा मात्रै हिँड्ने हो भने नेपाल र नेपालीले कहिल्यै नजितिने द्वन्द्व र युद्ध हुने सम्भावना आउँन सक्दछ ।

त्यसैले पनि यो मेरो देश हो, यहाँ मेरो सबै क्षेत्रमा समानुपातिक, समावेशी प्रतिनिधित्वको हैसियत छ भन्ने जुनसुकै वर्ग, जाति र क्षेत्रलाई ज्ञानवद्ध गराउनु पर्दछ । यसर्थः वर्तमान राजनैतिकि दलहरूले उही पुरानो केन्द्रीकृत राज्यव्यवस्थाको मोडलमा हिँड्ने प्रवृत्ति त्याग्नु पर्दछ ।

# घरेलु उद्योगमा विदेशी लगानी अस्वीकृत



काठमाडौं । केपी शर्मा ओलीको सरकारले घरेलु उद्योगमा वैदेशिक लगानी लिन नपाइने कानुन निर्माण गरेको छ । यसअघि घरेलु तथा साना उद्योगहरुमा पनि वैदेशिक लगानी भित्र्याउन पाइने नियम बनाइएको थियो ।

घरेलु तथा साना उद्योगहरुमा वैदेशिक लगानी गर्न पाइने भनी यसअघि निर्माण गरिएको प्रावधानको विरुद्धमा उद्योग वाणिज्य महासंघले देशव्यापी विरोध जनाएको थियो । यसका साथै विभिन्न संस्थाहरु तथा राजनीतिक दलहरुले पनि यसमाथि कडा टिप्पणी गरेका थिए ।

घरेलु तथा साना उद्योगहरु स्वदेशी लगानीमा चल्नुपर्ने र तिनलाई आत्मनिर्भरउन्मुख बनाउनु पर्ने कुरामा सम्बन्धित पक्षहरुका माझमा ठूलो बहस पनि चल्दै आएको थियो । घरेलु उद्योगका लागि स्वदेशी लगानी स्वीकृत गर्न यसअघि राखिएको ३५ दिनको समयसीमा घटाएर यसलाई सात दिनमा झारिएको छ । अब साना तथा घरेलु उद्योगहरुमा गरिने स्वदेशी लगानीको स्वीकृति एक हप्ताभित्रै गरी कार्य सञ्चालन प्रारम्भ गर्न पाइने छ ।

## ५ नं. प्रदेश...

भव्य बनाउन यतिखेर जिल्ला सम्मेलनहरू सम्पन्न भइरहेका छन् ।

प्राप्त समाचार अनुसार पश्चिम नवलपरासीको शनिवार बर्दघाटमा बिशेष भेला सम्पन्न भएको छ । बिशेष भेलाले मोर्चाको यही चैत्र ५ र ६ गते नेपालगंजमा हुने प्रदेश सम्मेलनलाई भव्य बनाउनका लागि बिभिन्न जिम्मेवारी हेरफेर गर्नुका साथै सम्मेलनका लागि प्रतिनिधि तथा पर्यबेक्षक समेत चयन गरेको छ ।

भेलाले जिल्लामा रहेका सदस्यहरूका आधारमा ३/३ जना प्रतिनिधि तथा पर्यबेक्षक भेलामा पठाउने निर्णय गरेको मोर्चाका सचिव भागिरथ चापागाईले बताउनुभयो । भेलाले जिल्लामा रहेका सबै सदस्यलाई सदस्यता नबिकरण गर्न आग्रह गर्दै जिल्ला सम्मेलनको तयारी गर्ने समेत निर्णय गरेको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै चैत्र २४ गते हुने मोर्चाको राष्ट्रिय सम्मेलनलाई ध्यान दिदै वडा गाउँ तथा नगरपालिकाहरूको भेला सम्मेलन र जिल्ला सम्मेलन गर्ने र प्रचारात्मक अभियानलाई जोड दिने भएको उहाँले बताउनुभयो । मोर्चाको बिशेष भेलाले बिकृति बिसंगति तथा भष्ट्रचार बिरुद्ध अभियान संचालन गर्दै त्यसको भण्डाफोर गर्ने र बिभिन्न मुद्धामा अन्तरक्रिया संचालन गर्ने निर्णय समेत गरेको छ ।

बिशेष भेलाले रिक्त रहेको ६ जना जिल्ला सदस्य समेत मनोनयन गरेको थियो । जसमा जिल्लामा जिम्मेवारीमा रहेका जनबर्गीय मोर्चा संगठनका जिल्ला संयोजकहरूलाई देजमोको जिल्ला सदस्यको जिम्मेवारी दिएको हो । १५ सदस्सीय जिल्ला समितिमा रिक्त रहेको ६ जनामा किसान संगठनबाट गुणनिधि पोखरेल, तमु मोर्चाबाट खेम तमु मगर मोर्चाबाट गोबिन्द बहादुर साठीघरे मगर उद्योग ब्यवसायीबाट प्रेम पोखरेल नेवाः बाट चन्द्रमान मानन्धर र रवि पुनलाई जिल्ला सदस्यमा मनोनित गरेको छ ।

भेला देजमो पश्चिम नवलपरासीका संयोजक राजु प्रसाद खनालको अध्यक्षता नेकपा (क्रान्तिकारी माओवादी) पश्चिम नवलपरासीका सेक्रेटरी चोलाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सो पार्टी जिल्ला सचिवालय सदस्य तथा जनवर्गीय मोर्चा संगठनका फ्याक्सन ईञ्चार्ज समर, बर्दघाट नगर सेक्रेटरी क्रान्ति लगायतको आतिथ्यता रहेको थियो ।

शनिबारै कपिलवस्तुमा देजमोको तेश्रो जिल्ला भेला सम्पन्न गरिएको छ । भेलाबाट ज्ञानिराम पुरीको संयोजकत्वमा ११ सदस्यीय जिल्ला संगठन समिति निर्वाचित गरिएको छ । कपिलवस्तुको वनगाई स्थित जनचेतना आधारभूत विद्यालयको सभाहलमा सम्पन्न भेलाको उद्घाटन मोर्चाका केन्द्रीय सचिवालय सदस्य एवं प्रदेश संयोजक केशर बहादुर गुरुङले गरेका थिए । भेलामा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज समिर, सेक्रेटरी आकाश, मोर्चाका केन्द्रीय सदस्य रामविलाश चौधरी लगायतको उपस्थिति रहेको थियो ।

प्राप्त समाचार अनुसार ५ नं. प्रदेशका १२ वटा जिल्लामध्ये १० वटामा मोर्चाको संगठन रहेको छ । संगठन रहेका जिल्लाहरूमध्ये प्युठान, अर्घाखाँची, पाल्पा, कपिलवस्तु, रूपन्देही, नवलपरासीमा भेला सम्पन्न भएको छ भने बाँके, बर्दिया, दाङ, गुल्मीमा सम्मेलन सम्पन्न भइसकेको छ । रोल्पा र रुकुममा जिल्ला संगठन नभएपनि प्रदेश सम्मेलनमा मनोनित प्रतिनिधिहरू सहभागि हुने बताइएको छ । सम्मेलनमा प्रदेशभरिका करिब ३ सयभन्दा बढी प्रतिनिधि पर्यवेक्षकहरू सहभागी हुने मोर्चाले जनाएको छ । मोर्चाका ५ नं. प्रदेशका संयोजक केवी गुरुङका अनुसार सम्मेलनलाई भव्य बनाउने गरी सबै तयारीहरू गरिएको छ । ५ गते नेपालगञ्जमा एक भव्य समारोहबीच मोर्चाका केन्द्रीय सचिव परि थापाले सम्मेलनको उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

यसैबीच, प्रदेशको सम्मेलनलाई लक्षित गरी प्रदेशको तर्फबाट संयोजक केवी गुरुङले एक पर्चा समेत प्रकाशित गरेका छन् । हाते पर्चामा भनिएको छ, “देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल प्रदेश नम्बर पाँचको प्रथम प्रदेश सम्मेलन मिति २०७५ चैत्र ५ र ६ गतेका दिन नेपालगञ्ज नगरीमा हुन गइरहेको सूचित गर्न पाउँदा हर्षित छौं । सम्मेलन सफलताका निम्ति हरतरहले सहयोग र समर्थन गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं । नेपाली राष्ट एकातिर दलाल, नोकरशाही पुँजीपति र सामन्त वर्ग तथा अर्कोतिर साम्राज्यवाद, विस्तारवादको दोहोरो शोषण र उत्पीडनको शिकार भैरहेको छ । नेपाल राष्ट्रलाई स्वाधीन, स्वतन्त्र, सार्वभौमिक सत्ता सम्पन्न र समृद्ध बनाउन नेपाली समाजको विद्यमान आर्थिक, राजनीतिक, सामाजिक र साँस्कृतिक अवस्थामा आमूल परिवर्तन हुनु अनिवार्य छ । अर्ध सामन्ती, अर्ध औपनिवेशिक र नव औपनिवेशिक राज्यसत्ताको चरित्रमा आमूल परिवर्तन सर्वहारा वर्गको नेतृत्व र देशभक्त जनगणतान्त्रि शक्तिहरूको संलग्नतामा सम्पन्न हुने पुँजीवादी जनवादी क्रान्तिले मात्र गर्न सक्दछ । नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर मात्र समाजवादी व्यवस्था स्थापनाका लागि मार्ग प्रशस्त हुनेछ । यही उद्देश्यमा सहयोग पुऱ्याउन र राष्ट्र र राष्ट्रियताका अगाडि उभिएका समस्याहरूको समाधानका निम्ति संघर्ष गर्न देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको स्थापना गरिएको हो ।

यतिबेला नेपालको राष्ट्रिय स्वाधिनताको प्रश्न गम्भीर बनेको छ । नेपाल राष्ट्र साँचो अर्थमा स्वाधिन छैन । शासनसत्तामा दलाल र नोकरशाही पूँजिवादी तथा सामन्तहरूको बोलवाल छ । त्यसकारण स्वाधिन र आत्मनिर्भर अर्थतन्त्रको विकास हुन सकिरहेको छैन । त्यसको दुष्परिणाम आर्थिक परनिर्भरता, अर्थतन्त्रमा वैदेशिक नियन्त्रण, नित्तिय पुँजीको प्रधानता र बेरोजगारी मौलाएको छ । यो अवस्थामा नेपालमा विद्यमान राष्ट्रिय स्वाधिनता, जनजीविका र आर्थिक विकास तथा जनगणतन्त्रको स्थापनाको पक्षमा रहेका नेपाली जनताका बीचमा क्रान्तिकारी संयुक्त मोर्चा बनाउनु अत्यावश्यक छ । यसो गरेर मात्र हामीले जनताको अपराजित शक्ति निर्माण गर्न सक्ने छौं ।

अहिले देशमा कथित बाम सरकार बनेको छ । त्यसको प्रधानमन्त्रीदेखि सांसदहरू समेतले भनिरहेका छन, ‘समृद्ध नेपाल’ । तर जनताका सामान्य आधारभूत समस्याहरू समाधान गर्ने दिशामा अग्रसर हुने त परैजावस उल्टै महंगी, भ्रष्टाचार, कालाबजारी, घुसखोरी, हरेक कुरामा विचौलिया र दलाली, आदीले जनतालाई आक्रान्त बनाएको छ । प्रधानमन्त्री वलीले हरेक भाषणमा भनिरहेका छन् ‘भ्रष्टाचार पनि गर्दिनँ र हुन पनि दिन्नँ’ तर भ्रष्टाचारको जालो दिनप्रतिदिन फैलँदै गएको छ । रोजगारीको खोजीमा दैनिक सयकडौं युवाहरू विदेशिन बाध्य हुनेक्रम बढ्दो छ ।

सन् १९५० लगायतका असमान सन्धि सम्झौताहरूले लादेको विदेशी दासता र त्यसले उब्जाएका आर्थिक, राजनीतिक र सामाजिक समस्याहहरूले नेपाली जनताका जनजीवनमा गम्भीर नकारात्मक असरहरू पार्दै आइरहेको छ । दिन दहाडै हत्या, हिंसा र बलात्कार जस्ता जघन्य अपराधका घटनाहरू बढीरहेका छन् । सामाजिक विसंगति र विकृतिहरूका रूपमा रहेका छुवाछुत र बोक्सीका आरोपमा दलित समुदाय तथा गरीब निमुखा महिलाहरू प्रताडित भैरहेका छन् । तर सत्ताधारी पार्टीका नेता र सरकारका प्रतिनिधिहरू फलाकिरहेका छन्, शान्त, समृद्ध र सम्पन्न नेपाल ।

अन्त्यमा, नेपाली जनताले राष्ट्रिय स्वाधीनता, आत्मनिर्भर अर्थतन्त्र तथा शान्ति र सम्वृद्धिका निम्ति विद्यमान दलाल र नोकरशाह पूँजिपति तथा सामन्तहरूको राज्यसत्ताँलाई अपदस्त गरेर जनताको जनगणतन्त्र स्थापनाको कुनै विकल्प छैन । त्यसका लागि सच्चा क्रान्तिकारी कम्युनिष्ट, देशभक्त जनगणतान्त्रिक, अग्रगामी शक्तिहरू एकजुट भएर सचेत र संगठित आन्दोलन गर्नु आजको ऐतिहासिक आवश्यकता हो । यही अभिभारा पुरा गर्ने क्रममा हुन गैरहेको देजमो नेपाल प्रदेश नम्बर पाँचको प्रथम प्रदेश सम्मेलन सफलताको लागि मजदुर, किसान, शिक्षक, कर्मचारी, व्यापारी, उद्योगी, युवा, आदिवासी जनजाती, मधेशी, महिला, विद्यार्थी, बुद्धिजीवि एवं सम्पूर्ण न्यायप्रेमी जनसमुदायमा हार्दिक अपील गर्दछौं ।”










प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : बद्री बजगाई, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।